'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

# अर्हत [४४]

वर्ष ११, अंक १ | बुद्ध सम्वत् २५६७ | ने.सं. ११४३ बछला थ्व | वि.सं. २०८० वैशाख २२ बुद्ध पूर्णिमा





## School Building

* Class 11 & 12
- Science
- Management
- Humanities
- Education

*Tecs Program
- 18 months Pre Diploma in Civil Engineering
- Diploma in Civil Engineering

* Class 9-12 Civil Technical Education

## College Building



*Bachelor Programs
- BA/BSW
- BBS

*Master Programs
- MBS
- MA - Sociology



## BBA Building

# BAGISWORI SECONDARY SCHOOL
# BAGISWORI COLLEGE
# BAGISWORI COLLEGE OF MANAGEMENT

Chyamhasingh/Kamalbinayak, Bhaktapur    Cont. No.: 01-6610270, 6613041, 6618319, 66202



# आदर्श आजाद
## माध्यमिक विद्यालय

www.adarshaazad.edu.np

## भर्ना खुल्यो !



## नर्सरी देखि कक्षा ९ सम्म

आफ्नो सिट सुरक्षित गर्नुहोस ।

01-6610580, 9841398356

भीमसेनस्थान, भ.न.पा.०५, भक्तपुर    adarshaazad2016@gmail.com

# अर्हत

त्रैमासिक

व. ११ अ. १ | बुद्ध सम्वत २५६७ | नेसं ११४३ बछलाथ्व

वि.सं. २०८० वैशाख २२ बुद्ध पूर्णिमा

**सल्लाहकार**

**रत्नसुन्दर शाक्य**

**चन्द्रबहादुर उलक**

**सम्पादक/प्रकाशक**

**उद्धव सुजखु**

**बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित**

**बजार व्यवस्थापन तथा वितरण**

**बालमुकुन्द बासुकला**

**विज्ञापन सङ्कलक**

**लक्ष्मीप्रसाद रंजित**

**कम्प्युटर सेटिङ्ग**

**राजन सिमाछ्वा**

**मुद्रण**

**सिद्धि गणेश अफसेट प्रेस**

**चोर्चा–७, भक्तपुर**

**फोन नं. ६६१४७९३**

*Email: arhattraimasik@gmail.com*

सहयोग रु. ५०|-




## यसभित्र


| | | |
|---|---|---|
| नारी हृदय | भिक्षु अश्वघोष | ३ |
| धर्म प्रचार २ | चित्तधर हृदय | ८ |
| झ्यालनं फय् वया: मतजक सित यो मां । छपुलु दुवाला । | सत्यमोहन जोशी | १४ |
| बुद्ध धर्म के हो ? | प्रो. माणिकलाल श्रेष्ठ | १७ |
| वैशाख पूर्णिमाको सन्देश | डा. गणेश माली | २१ |
| साहू मोतिलाल शिल्पकार | रत्नसुन्दर शाक्य | २३ |
| आफूलाई सम्हाल | प्रा.डा. धनरत्न शाक्य | २८ |
| बुद्ध दर्शनका दुईतीन कुरा | राकस्था | ३२ |
| विज्ञापन | चन्द्रबहादुर उलक | ३५ |

# सम्पादकीय

आज बुद्ध जयन्ती अर्थात् बुद्ध पूर्णिमा हो। यो दिन विश्व शान्तिको लागि आजीवन सङ्घर्ष गर्ने महान् व्यक्ति सिद्धार्थ गौतम जन्म भएको दिन हो। सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरेको र ८० वर्षको उमेरमा आफ्नो देह त्याग गरेको पवित्र दिन हो। आजको दिनलाई त्रिसंयोगयुक्त दिन पनि भनिन्छ। त्यसकारण, सम्पूर्ण लेखक, पाठक, शिक्षक-शिक्षिका तथा विभिन्न थरीका व्यवसायी, उद्योगी महानुभावहरूलाई २५६७ औं बुद्ध जयन्तीको उपलक्ष्यमा बौद्ध दर्शन अध्ययन समाज हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ।

पाठक महानुभावहरू !

देशको राजनैतिक व्यवस्था परिवर्तन भएको ३३ वर्ष नाघ्यो। आज गणतान्त्रिक व्यवस्था छ। गणतान्त्रिक व्यवस्थामा राजाहरू धेरै भए। ती राजाहरूले राजनीतिलाई धन कमाउने माध्यमको रुपमा प्रयोग गरे। जसको कारण नेपाली जनता 'हात्ती आयो, हात्ती आयो फुस्सा !' भए। बुद्धले भन्नुभएको थियो "हिंसा नगर !" हिंसाको अर्थ प्राणी हिंसा मात्र होइन अरुको चित्त दुख्ने काम नगर्नु पनि हो। तर नयाँ राजाहरूले नेपाली जनताको चित्त दुख्ने काम गरेका छन् अर्थात् हिंसा गरेका छन्। त्यही हिंसाको कारण युवाहरू विदेसिन बाध्य छन्। नेपाली जनता खानाको लागि विदेशीको भर परेको छ। देशको आर्थिक अवस्था कङ्गाल हुने हो कि भन्ने शङ्का नेपालीमा छ।

बुद्धले भन्नुभएको थियो "भोको मान्छेले ज्ञान लिन सक्दैन।" नेपाली जनता भोका छन्। यस्तो अवस्था सृजना गर्ने नयाँ राजाहरू नै हुन्। ती नयाँ राजाहरूले शासन सत्ता हातमा लिएर आफ्नो मात्र दुनो सोझ्यायो भन्ने आरोप जनताको छ।

यस्तो टीठलाग्दो अवस्था कसरी सृजना भयो त ? शासक वर्गहरू लोभ, पाप र मोहबाट ग्रस्त हुनुको कारण आज यस्तो टीठलाग्दो अवस्था सृजना भएको हो। देशको अवस्था यस्तो सधैं हुने छैन। आइलाग्ने माथि जाइलाग्नु पाप होइन, बुद्धको सन्देश बुझी अगाडि बढेमा शान्ति सुव्यवस्था तथा गरिब जनताको लागि नयाँ दिन आउँदैन र ? अस्तु :

भवतु सब्ब मङ्गल

# नारी हृदय



✍ भिक्षु अश्वघोष

घोषकको जन्म कौशम्बीवासी एक बेश्याको कोखमा भएको थियो । छोरा जन्मेको देखी गणिकाले उसलाई सडकको कसिंगर फाल्ने ठाउँमा फाल्न लगाएपछि बालकलाई कौवाहरूले घेरी राखे । त्यसबेला कौशम्बी सेठको एक कर्मचारी सेठको घरमा जान लागिरहेको बेलामा उसले बाटोमा कौवाहरूको बयान देखी "के रहेछ" भनी हेर्दा भर्खर जन्मेको एक बालक देखी पुत्रस्नेह उत्पन्न गरी बालकलाई आफ्नो घरमा लग्यो । उसको नाम "घोषक" थियो ।

त्यसबेला कौशम्बिक सेठ पनि राजाको चाकरीबाट फर्किरहेको थियो र उसले बाटोमा एक ज्योतिषी पुरोहित ब्राह्मण भेटयो । अनि उनीसँग उसले "पुरोहित बाजे । आज नक्षत्रको के हालखबर छ नि, नक्षत्र योग कस्तो छ त ? "भनी सोध्दा उनले त्यहीं बसी औंलागिन्ती गरी नक्षत्र योग विचार गरी भने-

"भो सेठ ! आज जन्मिने बालक यस नगरको सेठ हुनेछ ।"

त्यस समय सेठको धर्मपत्नी गर्भिणी थिई र भरे भोली भएकी थिई । त्यसैले हतारो हतारो गरी सेठ घर फर्की पत्नी सुत्केरी भइकी भइन भन्ने जान्न चाहन्थ्यो । पत्नी सुत्केरी भइनसकेकीले उसको मनमा यस्तो कल्पना उठ्यो-

"नगरमा आज कसैको घरमा बालक जन्मेको पाएमा मैले उसलाई ल्याउने छु र पछि मेरो पनि छोरो जन्मेमा त्यसलाई मार्न लगाउने छु । अनि मेरै छोरो यस नगरको सेठ हुनेछ । कही भएर छोरी पाएमा उसलाई मेरो छोरी दिई आफ्नै घरमा राख्नेछु ।"

यस्तो सोची उसले त्यस दिन जन्मेको बालक खोजी गर्न पठायो । संयोगवश आफ्नै कर्मचारीको घरमा त्यसै दिनमा जन्मेको बालक पाई उसलाई एक हजार कार्षापण रूपैया दिई सो बालक आफ्नो घरमा ल्याई राख्यो ।

केही दिनपछि सेठकी पत्नीले छोरा जन्माई । त्यसपछि सेठले त्यो बालकलाई मार्ने सङ्कल्प गऱ्यो । त्यो बालक नभएमा आफ्नै बालक नगरको सेठ हुनेछ भन्ने विश्वास लियो । यसै पाप सङ्कल्पको हेतुले उसले घोषक बालकलाई मार्नें निश्चय गऱ्यो ।

सङ्कल्प अनुसार काम गरिन्छ । खराब सङ्कल्प भए खराब काम, असल सङ्कल्प भए

असल काम गरिन्छ। त्यसैले धम्मपदमा सबै कर्मको मूल कारण मन नै हुन्छ भनी भनिएको हो।

### हत्याको षड्यन्त्र

पापमा डुब्ने चित्त प्रवृत्ति भएको कौशाम्बिक सेठले घोषक बालकलाई मार्ने नै नियत गरी एक दिन आफ्नो काली भन्ने दासीलाई अह्राई सर्वप्रथम गोठको द्वारनिर छाड्न लगायो। गोठको ढोका खोल्दा अरू दिनमा भए गोठका ठूला ठूला गाई-गोरुहरू सबभन्दा पछि निस्कन्थे। तर त्यस दिन गोठको ढोका खोल्ने बित्तिकै गोठको सबभन्दा ठूलो गोरु बाहिर निस्की सो बालकलाई आरक्षा गर्दै हज्जारौं गाई- गोरुहरूको धक्का खाएर पनि अडिग भई, निश्चल भई त्यहीं नै दैलोनिर उभिरह्यो। गोठालोले देखी आश्चर्य मानी "आज यो गोरु किन सबैभन्दा पहिले निस्की दैलोनिर सबैलाई असजिलो पार्दै उभिरहेको होला।" भनी हेर्न जाँदा गोरुको खुट्टामुनि एक दुधे बालक देखी विश्मित भई "यो बालकको प्राण बचाउन यसरी उभिरहेको रहेछ" भन्ने बुझी बालक प्रति स्नेह उत्पन्न गरी बालकलाई घरमा लग्यो।

जब सेठले बालक नमरेको र उसलाई गोठालोले आफ्नो घरमा लगेको खबर सुन्यो अनि उसले गोठालोलाई एक हजार कार्षापण दिई पुनः बालकलाई आफ्नो घरमा ल्यायो। समय बित्दै गएपछि पुनः एक दिन सेठले अर्को उपाय सोचि सोही काली दासीलाई अह्राई बालकलाई मसानमा छाड्न लगायो।

त्यस दिन आफ्नै अजपाल (गोठाला) सोही मसानतिर, बाखाहरू चराउन गयो। बाखाहरूमध्येबाट एउटा ठूलो बाखाले सो बालक भएको ठाउँमा गई, घुंडामारी खुट्टामनी बालकलाई राखी दूध ख्वाई हज्जारौं बोका र बाखाहरूको कुल्चाइबाट बालकलाई बचायो। सबै बाखाहरू चर्दै गएर पनि उ त्यहीं नै घुँडामारी बसी नै रहेको देखी अजपाल गई हेर्दा बालकलाई दूध ख्वाई रहेको देखी बडो आश्चर्य मानी बालकलाई आफ्नो घरमा लग्यो।

सेठले फेरि पनि बालक बाँचिनै रहेको मात्र नभई उसलाई आफ्नै अजपालले आफ्नो घरमा लगी पालिराखेको खबर सुनी, उसलाई पनि एक हजार कार्षापण दिई बालक फिर्ता ल्यायो।

पाप चेतनाद्वारा गरेको काम सफल नभएकोले उसको मनमा झन् झन् डाह भयो र मूढतावश झन् उत्तरोत्तर उसको चिन्ता बढ्दै गयो। पाप गर्ने मूर्खहरूको चित्तवृत्ति दिन पर दिन पापमै रमाए जस्तै पुण्य गर्ने पुण्यात्माहरूले पापबाट आफ्नो चित्तलाई हटाई पुण्यमै लगाउन थाल्छन्। तर कौशम्बिक सेठ माथिल्लो श्रेणीको भएको हुँदा उसले एकमाथि अर्को दरूण उपाय सोच्दै बालकलाई गाडा ल्याउने बाटोमा कुल्चाउनको निमित्त राख्न पठाउने अठोट गऱ्यो। यसै सङ्कल्प अनुरूप उसले एक दिन हज्जारौं गाडाहरू ल्याउने बाटोमा अर्थात् गाडा जाने लीगमा राखी दिनको निमित्त काली दासीलाई अह्रायो। भोर नहुँदै सो बाटोमा शयकडौं गाडाहरू आए। अब सो बालक भएको ठाउँनिर पुग्यो अनि गाडाको दुवै गोरुहरू कत्ति पनि डेग चलेनन्। गाडवानहरूले गोरुहरूलाई धेरै कुटे, चुट्न सम्म चुटे, सासना गरे तैपनि गोरुहरूका खुट्टाहरू किला ठोके जस्तै भएका थिए। गाडावानहरूले बेस्करी चुटेपछि गोरुहरू झन् भुइँमा टासिएको जस्तै थुचुक्क बसिदिए। गोरुहरू तान्न

अनेक कोशिश गर्दागर्दै उज्यालो भयो । आकाशमा सूर्यको किरण देखिन थालेपछि गाडावानहरू "आज यो गोरुहरू किन ढिटाहा भई बसेका होलान्" भनी यताउता हेरी अगाडिपट्टि हेर्न जाँदा एक बालकलाई देखे । अनि गाडावानहरूले गोरुको प्रकृया देखी विश्मित भई "धन्य ! धन्य !! यी गोरुहरू !!! भन्दै उनीहरूले सो बालक लिएर गए ।

उता सेठले फेरि पनि बालक नमरेको खबर सुनी उसको मनमा झन् झन् डाह र ईर्ष्या बढयो । फेरि गाडावानबाट एक हजार कार्षापण दिई घोषकलाई फर्काएर ल्यायो । सेठहरूको निम्ति सो बालक आँखाको छारो समान हुन थाल्यो । व्यर्थमा बालक मार्ने मनोवृत्ति झन झन बढ्दै गयो, मन पोल्न थाल्यो । तैपनि उपाय सोच्न छाडेको थिएन र भीरबाट खसाली दिऊँ भन्ने विचार गरी एक दिन सोही दासीलाई अह्राई भीरबाट खसाल्न पठायो । किन्तु बालकको कर्मशक्ति यत्तिको बलियो थियो कि त्यहाँबाट खसाल्दा एउटा बाँसको झाङमा परी सम्झौ कुनै झोलीमा राखे जस्तै गरी त्यहीं झाङमा अड्क्यो त्यस दिन बाँसको काम गर्ने मानिसहरू बाँस काट्न जाँदा झाङबाट बालकको आवाज सुनी हेर्दा एक बालक देखी खुशी भई उसलाई लिएर गए ।

यो खबर सुनी सेठको मन झन् पोल्न थाल्यो । के गरौं कसोगरौं भई बालकलाई सोझो आँखाले पनि हेर्न सकेन । यसलाई नमारेसम्म आफ्नो बालक नगरको सेठ हुन सक्ने छैन भन्ने तिर मात्र विचार गई ईर्ष्याले जली जे गरेर भए पनि यसलाई नमारी छाड्ने छैन भन्ने भावना झन् दरिलो पाऱ्यो । त्यसपछि उसले झन भयानक उपाय सोच्यो ।

सेठको एक विश्वासी कुम्हाले साथी थियो । उसलाई भनी बालकलाई मार्न लगाई अवालभित्र हाली पोलिदिने दानवी विचार गऱ्यो । अनि ऊ कुम्हाले कहाँ गई भन्यो ।

"साथी ! आज म तिमीकहाँ एक विश्वासको कुरा गर्न आएको छु । मेरो घरमा एक कुजात बालक छ । उसलाई काटी तिम्रो अवाल पोल्ने बेलामा त्यसभित्र हाली भष्म परेको छ ।

सेठको कुरा सुनी कुम्हाले दुवै हातले कान बन्दगरी "अहो ! यस्तो काम कसरी गर्ने !" भन्दै डराउन थाल्यो ।

यस्तो भन्दा सेठले उसलाई फकाई एक हजार कार्षपणको थैली अगाडि राखिदियो । एक हजारको थैली देख्ने बित्तिकै कुम्हालेको मन फर्क्यो र "त्यसो भए, फलाना दिनमा मेरो अवालमा भांडा पोलिनेछ, त्यस समय बालकलाई पठाई दिनुहोस्" भनी कुम्हालेले सुस्तरी जवाफ दियो ।

त्यसपछि कुम्हालेको अवालमा आगो राख्ने दिनमा सेठले घोषक- लाई बोलाई भन्यो- "पुत्र ! तिमी आज फलाना हाम्रा साथीको घरमा गई "बाबुले भनेको काम गरिदेऊ, भनी भन्न जाऊ" भनी पठायो ।

उनीहरूका बीच यस्तो कुरा भएको थियो कि सो दिनमा पठाइने बालकलाई काटी अवालभित्र हाली आगो लगाइ दिने ।

घाम झुल्किने बेलामा सेठले घोषकलाई कुम्हालेको घरमा जाने काम अह्रायो । विचरा सीधासाधा घोषक बालकको, मृत्युको द्वार आज कुम्हालेको घर हुन गयो । बाटोमा उसले आफ्नो सद्दे भाई भनी संझी राखेको सेठको छोरालाई भेटयो । उ त्यहाँ गुच्चा खेलिरहेको थियो । दाइ चाहिँलाई देखेर उसले भन्यो ।

"भो दाइ ! दिनभरी गुच्चाखेली रोटीहरू मैले जम्मै हारें । एउटा पनि रोटी जित्न सकिन । अतएव मेरो निम्ति गुच्चा खेलिदेऊ ।"

अनि घोषकले भन्यो- "भाइ ! मलाई बाबुले कुम्हाले कहाँ गएर आऊ भनी अह्राएको छ । म खेल्न सक्दिन ।"

"भो दाइ ! त्यसो नभन । तिमी गुच्चा खेल्न सिपालु छौ । मलाई रोटी जिताइ देऊ । बरू म कुम्हाले कहाँ गई बाबुले अह्राएको काम गरेर आउनेछु ।"

"त्यसो भए, तिमी त्यहाँ गई 'मेरो बाबुले भनेको काम गरिदेऊ' भनी कुम्हालेलाई भनी आऊ ।"

अनि सो बालक दाईको कुरा सुनी साँझ पख सरासर कुम्हालेको घरमा गयो । कुमालेले सो बालक आउनासाथ उसलाई दुइ टुक्रा गरि, काटकुट पारी माटोको भाँडामा राखी अवालभित्र हाली हत्तरपत आगो लगाइ दियो ।

उता घोषक कुमारले गुच्चा खेली धेरै रोटी जित्यो । भाइ आउला भनी धेरैबेरसम्म बाटोमा पर्खिरह्यो । सांझ परी सक्दा पनि भाइ फर्केर नआएकोले ऊ कुम्हालेको घरतिर हेर्न गयो । उसलाई त्यहाँ नदेखेपछि "घर फर्किसक्यो होला" भन्ने विचारगरी आफू पनि सरासर घर फर्क्यो ।

टाढबाट घोषक फर्किरहेको देखी कौशम्बिक सेठ चकित भई घोषकलाई "किन तँ कुम्हाले कहाँ नगएको ? जा तुरन्त फर्की !" भन्दै गालिगर्दै हप्काउँदा घोषकले विनम्रतापूर्वक आफू गइरहेको बेलामा भाइले आफूलाई बाटोमा देखी उसले सारै जिद्दी गरेको हुँदा आफू गुच्चा खेली उ कुम्हाले कहाँ गएको कुरा सुनाउने बित्तिकै आफ्नो ज्यू भरी तातो पानी खन्याइ दिएको जस्तो भइ, पसिना बगाउँदै सेठ दगुर्दै कुम्हालेको घरमा गयो । टाढैदेखि सेठ चिच्याउँदै 'पर्ख ! पर्ख ! "भन्दै कराउँदै कुमालेको घरमा आएको देखी कुम्हालेले "धेरै हल्ला नगर्नुहोस्, काम जम्मै सिद्धिसकेको छ" भनी सेठलाई सुनाउने वित्तिकै सेठ त्यहीं ने बेहोस भयो । त्यहाँदिखि उसको चित्त र मगज बिग्री पागल हुन थाल्यो । त्यसपछि चाल्नी जस्तै हृदय लिई सेठ घर फर्क्यो ।

चित्त विक्षेप भएर बहुलाहा जस्तो हुँदा पनि कौशम्बिक सेठको विचारधारामा कुनै परिवर्तन आएन । उसको मन पाप चेतनाले भरिएको थियो । आफ्नो प्राण छुउञ्जेलसम्म कुविचार गर्न छोडेन । मार्ने षडयन्त्र गर्दा गर्दै घोषक कुमार पनि तन्नेरी हुँदै आयो ।

फेरि एक दिन सेठले घोषकलाई टाढाको एक आफ्नो गाउँमा पठाई मार्न लगाउने विचारले प्रेरित भई आफ्नो गाउँको मुखियालाई एक पत्र लेखी घोषकको तुनामा बाँधी, उसलाई त्यहाँ पठायो । घोषक विचरा फेरि आफ्नो मृत्युको सन्देश आफैँले बोकी सो गाउँमा गयो । एकै दिनमा सो गाउँमा पुग्न नसक्ने भएकोले घोषकले सेठसँग विनम्रतापूर्वक बाटो खर्च माग्यो । सेठले उसलाई बाटो खर्च चाहिदैन । फलाना गाउँमा एक सेठको घर छ । उनी हाम्रा साथी हुन् । अतएव उनकै घरमा एक रात बास बसी भोलिपल्ट जाऊ भनी अह्रायो ।

सीधासाधा तथा आज्ञाकारी घोषक सो गाउँमा पुगेपछि सेठको घर खोज्दै गयो । त्यसबेला सो सेठ दाह्री बनाउँदै थियो । घोषकले सो सेठको घर पत्ता लगाई त्यहाँ गई सेठलाई नमस्कार गऱ्यो । सेठले उसँग कहाँबाट आएको हो र कसको छोरा हौ भनी

सोधेपछि घोषकले सबै वृत्तान्त बतायो । सेठ बडो खुशी भयो ।

सो सेठकी पन्धसोह्र वर्षकी एक सुन्दरी छोरी थिइन् । त्यसबेला उसको नोकर्नी फूल किन्न बाहिर जान लागेको देखी सेठले उसलाई बोलाई घोषकलाई बस्ने कोठा इत्यादि तयार पार्न अह्रायो । सेठले अह्राएको काम गरिसकेपछि उ फूल किनी फर्कंदा सेठकी छोरीले उसलाई "किन अबेर गरी आएकी ?" भनी हप्काउँदै गाली गरी । अनि उसले अवेर भएको कारण सबै सुनाई ।

"घोषक" भन्ने नाउँ सुन्ने बित्तिकै कुमारीको मनमा स्वत: अति गहिरो प्रेम उत्पन्न भयो अनि सो कुमारी घोषण कुमार सुतिरहेको कोठामा हेर्न गई । त्यसवेला उसको आँखा छाँती तिरि तुनामा बाँधि राखेको कागजको टुक्रोमा पर्न गयो र उसले "के रहे छ ?" भनी तुना फु काली हेर्दा सो पत्रमा "यो पत्रवाहक मेरो घरको एक कुजात पुत्र हो । यसलाई मारी चर्पीको खाडलमा गाडी त्यसको खबर पठाएमा तिमी मबाट पुरस्कृत हुनेछौ" भनी उल्लेख गरेको कुरा पढ्दा उसलाई बडो दु:ख लाग्यो र उसले यसको बदलामा "यस पत्रवाहक मेरो जेठो छोरो हो । तपाईं गाउँलेहरू सबै मिली फलाना गाउँकी सेठको कन्या कुमारी मागी विवाह मङ्गल गरी मलाई सूचना पठाउनु होस्" भनी अर्को पत्र लेखी उसकै तुनामा बाँधिदिई ।

भोलिपल्ट सो गाउँमा पुगी गाउँको मुखियालाई घोषकले पत्र दियो । पत्र पाई गाउँका मुखिया सहित सबै गाउँलेहरू अत्यन्त खुशी भए । अनि पत्रमा उल्लेख भए अनुसार सोही गाउँको सेठसँग कन्या मागी विवाह मङ्गलोत्सव सिध्याई कौशम्बिक सेठ कहाँ खबर पठाए ।

सेठले सो खबर पाउने बित्तिकै उ बडो अचम्म भयो । चिताए झैं एउटा पनि काम नभई झन् जम्मै काम उल्टो मात्र भएकोले अन्तमा उसले घोषकलाई "चाँडै आऊ" भनी खबर पठायो । घोषकको पत्नीले त्यस गाउँका सबै मानिसहरूलाई भनी राखेको थिईन् कि "कुनै पनि खबर आएमा पहिले मलाई न भनिकन मेरो पतिलाई नभन्नु ।

कौशम्बिक सेठको खबर ल्याउने मानिसलाई घोषकको पत्नीले मानमिजास गरी केही दिनसम्म पर्खिरहने कुरा बताई ।

अर्को खबर लिएर मानिस आयो । उसलाई पनि त्यस्तै भनी । अर्को पनि मानिस खबर लिएर आयो । अनि उसंग घोषककी पत्नीले सेठको हालखबर सोधी । सन्देश वाहकले "अब त सेठ सिकिस्त छ । आज भोलि नै मृत्यु हुन सक्छ" भन्ने खबर सुनायो । घोषककी पत्नीले आफ्नो पतिलाई "कौशम्बीमा फर्कने बेला भयो" भन्दै उसलाई सिकाउनु पर्ने अर्ति बुद्धि दिई । यिनीहरू कौशम्बीमा आइपुग्ने दिनमै सेठको पनि मृत्यु भयो । मृत्यु हुने बेलामा सेठले आफ्नो खजाञ्चीसँग "नगद सम्पत्ति कति छ" भनी सोध्दा खजाञ्चीले "चालीस कोटी छ" भन्दा सेठले "यो धन घोषकलाई नदिनु" भन्ने बोलि प्रकाश गर्न खोज्दा उल्टै "यो धन घोषणलाई दिनु" भनी भन्यो । यतिकैमा उसको प्राण पनि गयो ।

*त्यसपछि कौशम्बीको राजाले घोषक कुमारलाई बोलाई चालीस कोटी धनको मालिक उसैलाई बनाई श्रेष्ठीपद पनि दिए ।*

बुद्धकालीन महिला पृ. १८५

साभार : नारी हृदय पुस्तकबाट

◆

# धर्म प्रचार २



✍ चित्तधर हृदय

दशबलं परचित्तज्ञानं भाव सीका: चित्तया
उखुनु भोजन यात मेथाय् हे वना: भिक्षा कया: ।
यज्ञ धुन्यव मनूत वंका: विल्वकाश्यप अन वना:
धाल वं "म्हिग छाय् मभाया ? गुलि लुमंका: जक च्वना,
भ्वेब्व छ्गिु म्हिगयागु ल्यंका: तैगु दनि फुक भास नु
पाकशालाय् नयगु ब्यो जुल भास याकन थौं खुनु"
विल्वकाश्यपया ध्व खँ न्यना: धाल षडभिज्ञं ध्व खँ
"छं 'मव:सां ज्यू' धका चिते तया: मवयागु ख:"
जुल व लज्जित थ:गु मनया भाव भगवानं थुया:,
ज्वीत श्रद्धा बृद्धि जुल, अयनं मफू संशय वया ।
असमये छन्हु वा वया: ल: सकभनं लिपुलिपु जुल,
स्वेत वन नामे च्वना: काश्यप जुया: मन आकुल,
गुगु प्रदेशे बुद्ध दुगु ख: अन छ्थाय् जक निर्जल
खंगुलिं आश्चर्य चाया: वैगु मन जुल चञ्चल,
समय सीका: धर्मराजं धर्मया फय् न्ह्याकल,
वैगु मनया मोह गर्व, प्रमाद, संशय प्वीकल
"म्व:गु याय्मत्य गर्व छं 'अर्हत' धका काश्यप ! मने,
जटिल ! अर्हत ज्वीगु जूसा शीघ्र वा जिगु शासने,
न्ह्योन्यसं छं खनि प्रसाद फुना: व सत्यत प्यंगुलि"
काश्यपं "भगवन् ! जित: या शिष्य याकन" धा:गुलिं

वैत भगवांन न्हिला: उपदेश बिल- "न्यो काश्यप !
ब्यर्थ यदि तुष्णा मफुसा न्ह्याक्व या:सां जप तप,
चां बुला: लहिना: जटा नांगां च्वना: म्हे नौ बुला:
नयगु तोता: वैं च्वना: सेवा मिया यानां छुयाय् ?"

विल्वकाश्यपया मिखा वन योग्य गुरुया चरणस,
हृदय भयबिल भक्ति भावं वल निफुति ल: नेत्रस ।
"वे जि थत्थे शरण" धाधां ब्वां वना: आश्रम स्वया:
शीघ्र अरणी आदि फुक यज्ञोय वस्तुत वांछ्वया:
शिष्यपिं स:ता: हथासं थ:गु सम्मति न्यंकल-
"मारजितयाथाय् वना: थौं भिक्षु ज्वी इच्छा जुल,
छिमिगु इच्छा गुगु दु उगु हे या:हुँ आ: योथाय् वना"
थुलि धया: वेवं व काश्यप शिष्यपिं सकले मुना:
'ज्वी जिपि नं भिक्षु' धाधां वैगु ल्यूल्यू फुक वया:
भिक्षु जूगु किजापिसं सिल अकि जटा च्वीक: हया:
वल नदीकाश्यप हथासं जटिल शिष्य स्वस: दुम्ह,
छाय् गयाकाश्यप मवै अल्य शिष्य निसलं सहितम्ह !
शिष्य याना: दोछि जटिलं सहित काश्यप बन्धुपिं
श्री तथागत जुल अनं प्रस्थान मुंका: भिक्षुपिं ।
थ्यंबले गयशीर्ष पर्वत उख्य च्वकास गुँ मिंनल,
उगु मि च्या:गु क्यना: क्यना: उपदेश सर्वज्ञं बिल-

“हे भिक्षुपिं ! हूं गिरिशिखर मिं च्या:गु ख: गय् मद्दिक अय् राग द्वेष व मोह-मिं इन्द्रियत च्याना: च्वन फुक । रस रुप आदि विषय व उकिया योग द्वारा चित्तस उत्पन्न सुख दुख-वेदना नं ब्याक च्याना: च्वंगु ख: । सो च्या:गुया परिणाम जन्म जरा मरण परिदेवना शोकादि दुख थुकिया मि, ज्वाला सीकि तृष्णा वासना । शब्दादि विषयाशक्ति: तोता: ब्रम्हचर्य गुम्ह च्वनि संयोगी लाना: ब्याक्क बन्धन चप्फुना: व्ह्रै वंतिनि ।” (२८ मात्रा) बुद्धवचनामृत त्वना: फुक संघया आस्रव फुत, छुं दिवस अन हे च्वना: इच्छानुसार तथागत विपुल नव दीक्षित जटिलपिं दक्व फुक मुंका: अनं राजगृह नगरे वना: अन यष्टिबनस च्वना: च्वन । “धन्य ख: वसपोल भगवान् स्यूम्ह गय् ख: अय् फुक मुक्त अर्हत, सुगत, देव मनुष्यपिनि उपदेशक, जो मदुम्ह उम्ह सारथी, विद्याचरण सम्पन्नम्ह, थ:थमं सम्पूर्ण लोक म्हस्यूम्ह, न्यंसा कन्य फुम्ह, आदि, मध्य लिपा लिपा कल्याण याइगु धर्मया अर्थ व्यञ्जन सहित वं उपदेश या: करुणा तया: । मेगु वं परि पूर्ण शुद्धगु ब्रम्हचर्य प्रकाश या:, नित्य दर्शन याय्गु योग्य थज्याम्ह अर्हत बुद्धया ।”

वैगु मङ्गल कीर्ति गाथा ताय्व थथ्य मगधेश्वरं पुर महाजन, सचिव, ब्राम्हण यक्व मुंका: सत्वर व:बले खन चीवरं अन न्यंक वा स:गु बुँसम थ:गु उपबन यष्टिवन फुक भिक्षु गणया आश्रम । मगधनृपया नाप व:पिं बिप्र विद्धानं अन बुद्ध नापं भिक्षु रुपे विल्वकाश्यपपिं खन । न्यन-“महात्मन् ! ब्याक्क बैदिक यज्ञ तोता: छाय् उगु छ:पिसं पण्डित जुया: नं भिक्षुभेष कया थुगु ?” काश्यपं बांलाक भिक्षु जुयागु हेतु अमित कन- “विप्रपिं ! ख: यज्ञ केवल स्वर्ग सुखया: साधन जन्म, मृत्यु, जरा व व्याधिं मुक्त ज्वी मखना थुकीं अमृत पद निर्वाणकारण त्याग याना जिं उकीं” मेगु भगवानं अमित कन धर्म परम पुनीतगु, थ्वीव अमिसं ‘गुगु दया: वै फ्वीगु नं ख: फुक उगु’ बुद्ध, धर्म व संघया शरणे वया: सकलें अपिं जुल उपासक । धाल हानं उम्ह मगध नभया पपि-

“जि कुमार हे तिनि बले अबले,
नुगले जि वै ‘जि जुजु ज्वी गबले,
गबले तथागत बिज्याइ जिथाय्
न्यन्य दै उथाय् मधुर धर्म कथा”

षडभिज्ञया चरण पूजन याय्
उगु धर्म जिं प्रहण निश्चय याय्’
जिगु न्यागुलिं उगु पुलांगु फुक
मन कामनात परिपूर्ण जुल ।
भगवन् ! महाद्भूत मचा:गु उला:
खन्यदयक् वस्तु, गुगु च्वंगु सुला:
दिल अन्धकारस सुदीप ज्वना:
पथ तंम्हस्यात शुभ मार्ग क्यना:
गुगुलिं मिखां खनिगु रुप अन
उपमा अनेक दुगु धर्म कन ।
जुल धन्य थौं सुगतया करुणां
चरणे उकीं जि शरणे वल न्हां ।
जि थनिंनिस्यं जुल उपासक नं
गुगु मा:गु याय् नियम पालन नं ।
फुक संघपिं सहित भोजन या:
जिगु छ्यें बिज्याहु नि दयाति तया: ।” (प्रमिता क्षरा)

थुलि धया: उम्ह बिंबसार मगधनृपाल अनं चिला: हर्ष पूर्वक राज-सदने वन तथागत चा:हिला: । पिण्डपात्र ज्वना: कन्हे खुनु भिक्षुपिं मुंका: फुक

बान्हि जाय्‌व बिज्यात शास्ता मार्ग नापं म्हासुक ।

प्रथम तुति चाय्‌का: यना: रमणीय राजनिकेतने
भक्ति पूर्वक दुन्य बिज्याकल शुद्ध सुन्दर आसने ।
थ: थमं नृपति महोत्तम दिव्य भोजन याकल,
नय्‌ सिधय्‌का: पिण्डपात्रं ल्हा: लिकाय्‌व नु चाय्‌कल ।
यात मन बाञ्छा उपस्थित बिन्ति याना: ल्हा: निपा
"जिगु छगू उद्यान भगवन्‌ ! देश, ग्रामं तामपा:,
वेगु आकाङक्षा दुपिं जन यक्व वे च्वन्य छिं अन,
'वेणुवन' एकान्त जू छ:पिन्त याय्‌ जिं अर्पण ।"
ग्रहण याना: वेणुवनआराम बुद्धं हाकनं
मेगु धर्म कथा कना: फुक संघ ल्याहाँ वन अनं ।
जुल कन्हेखुनु हे निस्यं निर्मित विहार व उपवने
चुक, सभागृह, ध: व स्नानागार, तुं नं दुगु दुन्य ।
राजगृह नगरे दु उगु समये परिब्राजक छम्ह
नां वया सञ्जय, निस:त्या शिष्यपिं नापं दुम्ह ।
सारिपुत्र व मौद्गलायण शिष्य बैथाय्‌ मुख्यपिं
"अमृत न्हापा ला:म्हस्यां कन्य" धैगु वचने बद्धपिं ।
बान्हि न्ह्यो छन्हु सारिपुत्रं अश्वजित भिक्षा फ्वना:
व:गु खन छयौं क्वच्छुना: चीवर पुना: गुलुपा: ज्वना: ।
वं मने तल-"ख: ध्व अर्हत सीक्य माल ध्वया गुरु
लैं पना: आ: गय्‌ खँ ल्हाय्‌ जिं ध्वैगु ल्यू ल्यू वन्य बरु"

थुलि मने ल्वीका: वना: न्यन "कुशल मङ्गल जू मखा:
धन्य जुल छिगु दर्शनं आवुस ! सुथें छिम्ह गुरु" धका ।
"शाक्यमुनि भगवान्‌ !" धका बिल आर्य अश्वजितं लिस:,
धाल वं "आवुस ! जित: नं आम धर्म कना: दिसँ । "
धाल अश्वजितं- "जिन्हूतिनि जूम्ह धर्मे दीक्षीत,
ब्याक्क वर्णन याय्‌ उकीं मफु छुं भचा जक कन्य छित:"
सारिपुत्रं धाय्‌व "केवल अर्थ द:सा गा: जित:
व्यर्थया व्यञ्जयन छुज्या !" उम्ह अर्हतं बिल थुलि लिस:-
"गुगु ख: धर्मया हेतु हेतुं हे दुगु धर्म नं,
निरोध उकिया याय्‌गु ध्व हे खँ ल्हाइ श्रीघनं ।"
अश्वजितया थुगु अलौकिक धर्मपर्यायं वया
ज्ञान इच्छुक स्वच्छ हृदये ज्योति खन वं धर्मया ।
तंगु छुं लू थें "अनुत्तर धर्म थुल थुल" थुलि धया:
गन दु पासा मौद्गलायन अन बवन हर्षित जुया: ।
व:गु तापाकं खना: उम्ह मौद्गलायन ब्वां वया:
न्यन "थपाय्‌चो हर्ष छाय्‌ ! बा अमृत छं ल्वीका:हया !"
"ख: अमृत थौं लुल जित: उम्ह अश्वजित गुरुया कृपां
छन्त नं कन्य न्यो" धया: वं उख्यर हे क्यन ल्हा: निपां
"गुगु ख: धर्मया हेतु, हेतुं हे दुगु धर्म नं,
निरोध उकिया याय्‌गु ध्व हे खँ ल्हाइ श्रीघनं ।"

मौद्गलायन मुसुक न्हिल "थुल थुल अहो जिं नं थुल,
वन्यनु शास्ता गनदु अन भी, लोम्ह गुरु थौं तिनि लुल ।"
थुलि धया: निम्ह बन्धुपिं आनन्द ताया: मन मन
गन दु पासापिं निस:त्या अन अपिं ध्यंक: ववं ।
धाल अमिसं "आ: जिपिं निम्ह शरण वन न्है बुद्धया"
अमिगु ल्यूल्यू वन निस:त्यां फुक "जिपिं नं वे" धया: ।
व्रंगुलिं थ: शिष्यपिं फुक द्रोह यायां सञ्चय
सित म्हुतुं क्वा:गु म्वा:हि ल्हवया: व द्रोही सञ्चय ।
मौद्गलायन, सारिपुत्रं खन्यव भगवान्या किपा
ब्वांवना: "का शरण" धाधां पालि ज्वन निम्हस्यं निपा ।
"वा छिपिं उपतिष्य ! कोलित ! विनय या प्रतिपालन"
धाय्‌व थुलि शास्ता अपिं निम्ह अग्र श्रावक जूवन ।
व:गुलिं माणवक थ:थाय्‌ काय्‌ धका उपसम्पदा
व्याक्क तोता: कापिलानी आदि अगणित सम्पदा
बुद्ध भगवानं लँ सोवन वैत याक:चा वना:
त्याग संन्यासे अपाय्‌चो वैगु दृढतर मन खना: ।
भोग सुखस मचांनिस्यं हे राग मदु छत्तिं वया,
माम्ह हाला: ज्वीगु न्हित्थं पुत्रयात "विवाह या"

पिप्पलीं थुलि जक लिस: बी चायक मां हीही मही-
"वन्य जि मा! छिकिपिनि लिपा गृह त्याग याना: छाय् इहा ?"

माणवकया छन्हु मने वल मांम्हस्यां हत्या बिया:
"दयक्य बी मांयात ह्येक्यत सुन्दरी छम्ह स्वर्णया,
धाय् 'थज्याम्ह मिसा गनं द:सा स्वया: दिसँ कोछिना:'
ल्वीक्य मफया: थ: थमंतु थुगु खँ ब्याक्कं वनि सिना:"
पुत्रया खं खन विवाह मज्वीगु विदुषी मांम्हस्यं,
मनस वायकल न्ह्योन्य च्वंगु व स्वर्णया प्रतिमा स्वस्वं-
"पुण्यवान् ज्वीमा: ध्व पुत्र अवश्य न्हापा जन्मया।
संगिनी नं दै ध्व प्रतिमा जोम्ह छम्ह साध्वी ध्वया।
थुगु खँ मखुसा छाय् लुया: वै ध्वैगु चित्ते मा: हना:!"
च्याम्ह ब्राम्हणपिन्त स:ता वं व मूर्ति क्यना: क्यना:
धाल "गन दु थज्या:म्ह कंन्या मा:हुँ गांगां चा: हिला:
जाति गोत्रे भ्रीत लोम्ह बिलम्ब जूसां ला बला
को छिना: नं वा लखा थें अमित थुगु प्रतिमा बिया:"
वन अपिं नं मूर्ति क्वबुया: "ख: ध्व जिमि हे ज्या" धया:।
मगधया सम्पन्न व महातीर्थ गामं छुं पिन्य
ध्यंबले अमिसं मती तल-"गन वना: आ: स्व: वन्य ?"
त:न्हु लयका: मद्र ध्यंका: माल सागल नगरस
उगु लुँया साली दिका: मोल्हवीगु खुसिया तीरस। ल्हवी
छम्ह मिसां खन मूर्ति ल्यून्यं, धाल वं हतपत वया:-
"ध्वैत नकतिनि बस्त्र तीका: वैंगु प्रासादे तया:

हाय् गज्या:म्ह मछा: मजू थन थ्यंक याक:चा वल"
वैगु म्हे वं घ्वा:बले तिनि स्वर्णया प्रतिमा सिल।
"ही जिला 'आर्या' खना: ब्वां वैगु मूर्ति खनी ध्वला!"
थुगु खँ तायवं वैत अमिसं हयभुना: न्यन थथ्य न्हिला:-
"अय् तता! छिमि स्वामिपुत्री नं ध्व थें बांला:म्ह ला ?"
वं लिस: बिल- "वैत भ्वातिं नं मलो थुगु मूर्ति ला।"
हर्ष लिस्य आश्चर्य चाया: धाल अमिसं "करज्वरी
बिन्ति यंकि जिमित दुथाय् व सुवर्णवर्णा सुन्दरी"
"ज्यू बिज्याहुँ नुँ" थुलि धया: वं अमित नं नापं ब्वना:
शीघ्र कौशिक गोत्र ब्राम्हणयागु भवने बिल यना:।
ब्राम्हणं सत्कार स्वागत यात अमित यथोचित,
कापिलानीयागु रुप खना: अपिं जुल विस्मित।
आगमनया हेतु सकतां सीब कौशिक ब्राम्हणं
ब्राम्हणी लिस्य यात साहुति हर्ष ताया: मन मनं-
"धन विभवया प्रश्न हे मदु जात नं भ्री लोगु हे,
भ्रीत चूला:व:गु भाग्यं को छिना: छवे न्है प्रिया ?"
ब्राम्हणी थुलि बीव उत्तर- "जिं छु धाय् प्रिय! छिं स्वया:"
बचन बिल सम्मान पूर्वक उगु लुँया प्रतिमा कया:-
"छिकिपिसं आज्ञा जुया: दिल गय् मज्यू धाय् बन्धुपिं!
थौं मब्यूसां निन्हु लिपा ला म्ह्याय्मचां तोतै जिपिं"

**पत्र दूतपिसं** च्वया: छवत कपिल ब्राम्हणयात नि,
थुगु खँ सीका: कापिलानीयात पौ च्वत पिप्पलीं-
"योम्ह वरया नाप या सम्बन्ध भद्रा कापिला!
ज्वी जि संन्यासी लिपा, ख्वेमालि न्है छन्हु निन्हु न्हिला:"
उख्यर भद्रा कापिलां नं थुगु खँ सीका: हतपत
छख्यर एकान्ते च्वना: वं थुगु प्रकारं पौ च्वत-
"आर्य धात्थें लोम्ह कंन्या मेम्ह मायकां ज्वी हित,
सत्य भोगे मदु जि इच्छा, खेद ज्वी लिपते छित:"
पत्रवाहकपिं अकस्मात नाप लात पथे निम्ह,
अमि परस्पर पौ प्वला: "छु दु थमिगु निर्णय अन्तिम
स्वे" धका स्वत किन्तु अमिसं खन अमिगु ज्यां विपरित,
"सो मचातय् ज्या!" धका उगु पत्र निगुलिं वांछ्वत।
मेगु हे अनुकूल पत्र च्वया: निगू निख्य यंकल,
थुगु प्रकारं अमि मयोसां भाग्यवश दंपति जुल।
पिप्पली दत नीदँ, भद्रा कापिलानी भिंखुदँ,
मांम्ह जुल हर्षित खना: न्हू भौमचा लिस्य प्रिय सुत।
किन्तु अमि सम्बन्ध कायिक छुं मजु च्वंसां छथाय्

धनिगु निम्ह लासाय् दथ्वी स्वांमा: तया: न्हित्थं क्वथाय्, च्वन हना: जीवन ध्व सांसारिक सुखं संयत जुया:, वैत सल, किसि, रथ, बुँ, गां, च्यो आदि यक्व धनं छुया: ।

छन्हु अलंकृत सल गया: वन स्वे धका ब्वी पिप्पली, न:गु खन को आदि पक्षीं क्वात्तु क्वाक्वां की गुलि । वं मने तल "लाइ थुगु फुक पाप निश्चय हे जित: गा: म्हुया: बैं स्व:थना: तैत:गु जिगु चिर सञ्चित विपुल विभवं जिगु छु रक्षा याइ रागे थुन्य सिबाय् मां बुबापिं मन्त पनिपिं आ:बले मा: छयं पिब्वाय्" उखुनु हे भद्रां निभाले यक्व हामो पा: वन, बान्हिया अति थीनिभालं सीगु खन वं की अन । न्यन- "ततापिं ! पाप लाइगु स्वीत थुलि मछि सीगुया ?" "थ:त हे" थुगु उत्तरं मन खिन्न, तन कम्पित जुया: वं मने वाय्कल- "जित: छजु वस्त्र, अन्नय छछा: जक दय् गा:, हा ! दोछि जन्मं पाप फ्वी मखु थुगु फुक, म्हाल आ: च्वन्य, वन्य जि प्याहाँ आर्यया आज्ञा कया:" उखुनु बहनी कापिलानीं थ:म्ह स्वामी च्वन पिया: । विविध उपचारं सहित भोजन सिधय्का: परिजन छख्य वना: एकान्त ज्वीवं माणवकया म्हुतु सन । वैगु वाणी स्पष्ट मजुया: कापिलां छुं छुं मता: किन्तु गथि चिन पूर्वजुनिया प्रीती लुमना: हृद्लता । "नाथ ! छुखँ थें ?" धाल थँ स्वया: वं छको भसुका: तया:, माणवकया धाय्गु तनला ! वैत केवल च्वन स्वया: ।

स्तब्ध जुल अन, अमि मिखां छुँ मौन भाषा ल्हा:गु थें छुं समय जाय्का: लिपा न्यन कापिलां "आज्ञा छु थें ?" माणवक संयत जुया: थुलि धाल "अय् ! ख: कापिला ! गुलिदु छंगु सिबे व जिगु चल, अचल धन, संधू, पिला, तुं म्हुया: तैत:गु फुक नं छन्त जुल छं योगु या" "आर्यपुत्र ! छि फ्रायगु गन अल्य ?" कापिला न्हिल थुलि धया: धायत वं "संन्यास का:वन्य" धाल नुगले मस्यु छु थें, वैगु ख्वा:या भाव हिल विधु खंगु पुन्हिस्या सिन्धु थें । कापिलानीं हृदयया पट-प्रेम त्याग निकू ज्वना: गा वना: पतियात न्येकल "आर्यपुत्र पिया: च्वना थौ जि नं थन बचन छिगु हे काय् धका गृहत्यागया, म्वाल आ: आज्ञा, कला: अनुगामिनी ख: भा:तया ।" थुलि खँ भद्रां ल्हा:बले भ्री माणवक प्रमुदित जुया: वांछवया बहुमुल्य वस्त्रत उत्तरासंगं न्यया: थ:म्ह पत्नीया सँ खाका: थ:गु नं आगसँ ध्यना: वन निम्हं प्याहाँ गृहं निम्हस्यां निग: गुलुपा: ज्वना: । लैं ववं छु मती वया: मस्यु वं छको स्वत न्हां लिफ:, थ:गु ल्यूल्यू खन व भद्रा रुप-सरया स्वां छफो । वं मने तल-"वंम्ह मू सम्पूर्ण जम्बूद्वीपया सुन्दरी कौशिककुमारीयात जिगु ल्यूल्यू तया:

व:गु खंका: धाइ 'संन्यासी जुया: नं दम्पति नाप जुल सो' आ: उकीं काय् कापिलाया सम्मति" धा:गु ला मस्यु अमित निपु लं "निख्यहुँ नाप जुया गुलि निम्ह अपिं स्वदुवा: दुथाय् ध्यन, लैं दथ्वी दन पिप्पली । कापिला नं भा:तया सम्मुख दना: न्यन "छाय् दिना ?" वं लिस: बिल स्निग्धकण्ठं -"मेगु मखु, भ्री निम्ह खना: धाइ 'संन्यासी जुया: नं नाप जुल सो निम्हत्यपू' देवि ! बद्रे ! छंगु इच्छा धा स्वया: हूं पथ निपू" कापिला खन 'दूर क्षितिजे तंगु पथया दीर्घता' जुल व स्वामी नाप बाय्मालिगु खना: अति दु:खिता । थुलि खँ वं स्यू "प्राय पत्नी भा:तया छाया जक" किन्तु विपरित खन भयंकर समय संयोगान्तक "बरु मजूसा ज्यूगु न्हापा हे इहीया बन्धन निम्ह म्हसीका: स्नेह ज्वीका: बाय्गु गय् आ: हा थन ! विश्वया सम्पूर्ण प्रणी ख: न्ह्यब:सा दैवया ! न्हयाग्गु जूसां भिंगु इच्छा ख्वबि महाय्कुस्य पूर्णयाय्"

भति लिपा ल्हा: बिन्ति याना: स्नेह स्वीका: संयमे
"ख: मज्यू स्त्री नाप ज्वी यति गय् मज्यू नय् छुं अमे,
जवगु का छिं मार्ग दक्षिण जाति छिकपिं जूगुलिं
खवगु लँ क्या: वन्यजि भ्री निम्ह गात ख्वा: स्वे आ: थुलिं ।'

थुलि धया: तुति भोपुया: भद्रां स्वचा: पति चा:हुला:
पूज्य प्रियतमयागु अन्तिम ख्वा: स्वस्वं छित वं पला: ।
उख्यर नालंदा व रांजगृहं दथ्वी वट बृक्षया
क्वे बिज्याना: च्वन तथागत वैगु हे लँ पिया: पिया: ।
कापिलानी नाप बाया: व:म्ह ब्राम्हण पिप्पलीं
स्वीनिता लक्षण विभूषित बुद्ध भगवान् खंगुलिं
"ज्वी थ्व हे शास्ता" धका वं यात चरणे वन्दना,
"वा महाकाश्यप !" धका कन प्यंगुलि स्मृति भावना ।
वैत अनुचर श्रमण याना: बुद्धदेव अनं वना:
छु भचा दूरे सिमा क्वे ध्यन्यव भ्वाताहाँ दना:
च्वंगुलि विश्राम याय् त्यन धैगु भा:पा: काश्यपं
थ:गु चीवर वस्त्र लाया: बिल सिमाक्वे हतपतं ।
फेत्तुना: चीवर थिया: "गुलि छंगु चीवर कोमल !"
धा:गुलिं "आहा ! गुरुं जिगु वस्त्र पुन्यगु मने तल"
धैगु भा:पा शीघ्र धाल "बिज्याहुँ संघाटीं न्यया:"
न्हिल तथागत "छं छु न्येगु ?" धका महाकाश्यप स्वया: ।
काश्यपं "छलपोलयागु पुलांगु द:खा ज्यू जित:"
धायव मुसुक न्हिला: मुनीन्द्रं "जिगु थ्व भ्वाथ: वस्त्रत
पुन्य फुला छं जन्मका: छि ?" थुलि धया: चीवर हिल,
न्हय्न्हु तक व जुया:पृथग्जन च्यान्हु खुनु अर्हत जुल ।

'चण्ड' नृपतिं बुद्ध उज्जैने ससंघ बिज्याक्यत
कायक्य ह:म्ह व वेद स्वंगू स:म्ह राजपुरोहित
न्हय्म्ह पासां सहित श्रावक जुल 'महाकात्यायन'
नगर उज्जैने वना: सद्धर्म गुम्हस्यां **कं वन** ।
थुगु प्रकारं सम्मिलित जुल भिक्षु संघे बुद्धया
यक्व नाना देशया विख्यात विद्वान्पिं वया: ।
किन्तु आश्रव हीनपिं मखु ब्याक्क अभिनव भिक्षुपिं,
गय् सिमाय् फल सक्व भिनिमखु धोगिना: कुतिवै गुलिं
भिक्षु संघे नं परस्पर जुल कलह उद्दण्डता,
ल्यंदु छम्ह निम्ह अर्हते जक नियमया परिशुद्धता ।
सभ्यता व हँसीबसी छुं मदु खना: वाय्का: मती
'विनय' नामं नियम दय्का: सार कन बुद्धं भति-
"मयाय्गु पाप सम्पूर्ण, याय्गु सुपुण्य आर्जन
शुद्ध याय्गु सदा चित्त ध्व हे 'बुद्धानुशास'
सुगत-सौरभ महाकाव्यया धर्मप्रचार
नामगु भिंछगूगु सर्ग सिधल ।

ने.स.६३ ञला

◆


# हार्दिक शुभकामना

विश्व शान्तिका महानायक गौतम बुद्धको
२५६७ औं जन्म जयन्ती सम्बोधिलाभ तथा
महापरिनिर्वाण बुद्ध पूर्णिमा 'स्वाँया पुन्ही' को
शुभ उपलक्ष्यमा विद्यार्थी, अभिभावक तथा
शुभचिन्तक सम्पूर्ण महानुभावहरूमा
सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको
हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।


**वाइज लायण्ड इङ्गलिश स्कूल**
जगाती, भक्तपुर

# मत जक सित

✍ भिक्षु महाप्रज्ञा

झ्यालय्‌नं फय्‌ वया, मत जक सित,
यो माँ झ्याः तीगु गय्‌ ? ॥ध्रु॥
झींच्याता लक्षणगु नर-गुण तनाच्वन ।
ध्व गुण मालेधयां, मत जक सित ॥१॥
अतिकन बाँनलागु ? ज्ञान रत्न तना च्वन
माला मालाँ ल्वीके मफु, मतजक सित ॥२॥
पञ्च तत्व यागु गृह, अतिकनं बानलागु ।
बाँलासां हिसिमदु, मत जक सित ॥३॥
झ्याले तयेगु चुकू दुसा झ्याः तिना केने फैगु
ज्ञान रुपी चुकू मदु, मत जक सित ॥४॥
बुद्धया दासनं, धाल न्यव साधुपिं
इन्द्रियया न्यापाः झ्यालं मन स्यंका बिल ॥५॥

# झ्यालनं फय्‌ वयाः मतजक सित यो मां ! छपुलु दुवाला ।



✍ सत्यमोहन जोशी

लोककवि महाप्रज्ञायागु बिचाः व तातुना बिस्कंगु जुयाच्वन । वसपोल छम्ह साप हे दुग्यंक बिचाः यायेफुम्ह दार्शनिक कवि (Philosopher-poet) खः । वसपोलया निम्ति ध्व भीगु जीवनयागु सत्यता खंकेगु अथवा लुइकेगु हे दर्शन खः । बसपोल ध्व विश्वया सृष्टिकर्ता अथवा सर्वशक्तिमान्‌ परमेश्वरयागु नां तक नं मकाःसे, केवल थःगु हे देह अथवा शरीरयात कयाः दार्शनिक विश्लेषण यायेगुली थःगु नुगःखँ केन्द्रित यानातःगु जुल । वसपोलयागु भाषा क्वातु, उकी वसपोलयागु नुगःखँ प्वंकीगु शैली नं उलि हे यच्चु, उलि हे पिच्चु । अले

---

संस्कृत साहित्यस अलङ्कार शास्त्रया प्रणेता उद्‌भटयागु छगू धाःपू दु-

**"उपमा कालिदासस्य भारवेरर्थ गौरवम्‌"**

थुकियागु भावार्थ खः- उपमा बीगुली महाकवि कालिदासया ज्वः मेपिं सुं मदु, अथेहे अर्थयागु जाः

(depth) ब्वयेगुली महाकवि भारवियागु ज्व: मेपिं सुं मदु धइगु । थ्वहे प्रसङ्गय् ज्ञानमालाय् च्वंगु लोककवि महाप्रज्ञायागु च्वय् न्ह्यब्वयागु "भ्‍याःलनं फय् वया: मत जक सित यो मां !" चिनाखँ म्येँय् महाकवि कालिदास व महाकवि भारवि निम्हेसिके दयाच्वंगु निता विशेषता ब्वल्हनाच्वंगु भ्‍रीसं वा: चायेकेफु ।

लोककवि महाप्रज्ञाया परिकल्पनास थ्व भ्‍रीगु शरीर अथवा देह पञ्चतत्वं (न्यागू प्राकृतिक तत्व-पृथ्वी, जल, तेज, वायु व आकाश) दयेकात:गु छखा: ब:चाखा:गु बांला:गु छेँ ख:, थुकी ज्ञानेन्द्रिय, कर्मेन्द्रियया थीथी कथंया भ्‍या: (मिखा, न्हाय्‌प, न्हाय्, मैं आदि) छुनात:गु जुल । इलय्-ब्यलय् थुजोगु भ्‍याःलं छक फय् वइगु जुल, मारया रुपय् । थुकिं मनूया देहरूपी छेँय् च्यानाच्वंगु ज्ञानरुपी (वोधिरुपी) मतयात स्यायेत स्वइगु, थथे धयागु क्लेशरुपी ल्वाभल नरगुणत, ज्ञानरत्नयात ध्वस्त नष्ट यायेत स्वइगु ।

लोककवि महाप्रज्ञाया धापू कथं "भिन्च्याता लक्षगुण नरणगु" धइगु चर्चा दु । मनूतयके दयेमा:गु थुगु भिन्च्याता (१८) लक्षण मामां वनेबलय् महाप्रज्ञायात न्हापां मार्ग निर्देशन या:म्ह धर्मगुरु क्यान्छ्या लामाजुं (सँदिया खामं प्यदँत्या बिक लँय् म्हधू दादां साष्टाङ्ग दण्डवत यायां स्वयम्भू महाचैत्य दर्शन यायेत स्वनिगलय् बिज्या:म्ह छम्ह असाधारण व्यक्तित्व दुम्ह साधकं कनाबिज्या:गु "कुन्सांलामे स्यालु डोन्दु" (समन्तभद्र तथागतं कनाबिज्या:गु न्हापा न्हापायापिसं यानावंगु सद्धर्म चर्याया उपदेश) स च्वंगु "च्वेत लाम् ह्यान् तेपा" (भिन्च्याता लक्षण) स कनात:गु नरगुणया खँ (काय, वाक् व चिन्तया पाखें पालनयायेमा:गु विनय) धका: सिइकेमा:गु जुल । तर, छेँय् च्वंगु भ्‍याःलं तस्संक फय् वयाच्वनिगुलिं याना: मत सीगु जुयाच्वन । थुकिं याना: भिन्च्याता नरगुण तनाच्वं थें जुल, माले धका: कुत:यात धालधा:सा फसं जक मत सीगु । अले म्हय् दुनेच्वंगु ज्ञानरत्नयात नं न्ह्याको हे माले धका: कुत: यानाजूसां, भ्‍याःलं वइगु फसं मत सीगु जूगुलिं छुं हे खंके फइमखुगु जुल, ल्वीके मफइगु जुल । लोककवि महाज्ञाया दृष्टिकोणय् देहरूपी छेँ बांला:सा छेँया भ्‍याःल वइगु फसं दुने च्यानाच्वंगु मत फ्वाक्क फ्वाक्क स्यायेत स्वइगुलिं छेँ न्ह्याको हे छाय्‌पा जुया: बांलानाच्वंगु जूसां, छेँया शोभा मदुगु जुल, उकिं लोककविं थथे नुग: खँ पिज्वेकल

भिन्च्याता लक्षणगु नरगुण तनाच्वन  
थ्व गुण माले धयां मत जक सित ।  
अतिकनं बानला:गु ज्ञानरत्न तनाच्वन  
मालां मालां ल्वीके मफु मत जक सित ।  
पञ्चतत्वयागु गृह अतिकनं बानला:गु  
बांला:सां हिसि मदु मत जक सित ।

तर, भ्‍री लोककवि महाप्रज्ञा अतिकं दूरदर्शीम्ह जुयाच्वन, चिन्तन मनन शीलम्ह नं । वसपोल छुतिं निराश मजू । उकिं नरचोलाया छेँयात वसपोलं दुवाला स्वयेगु कुत: यात, अले थथे खँकल, लुइकल, सिइकल

व भ्‍याःलं वइगु फय् ला 'मार' धका जुयाच्वन । उकिं फय्‌रुपी मारयागु स्वभाव व तातुना धइगु हे मनूया देहरूपी छेँय् च्यानाच्वंगु ज्ञानरुपी (बोधिरुपी) मतयात स्याइगु । थथे धयागु क्लेशरुपी ल्वाभलं नरगुणयात, ज्ञानरत्नयात ध्वस्त नष्ट याइगु ।

आखिर लोककवि महाप्रज्ञां थ:त थ:म्ह

म्हसिका काइ । वसपोल बिचा: याना: छगू उपाय लुइकी व ख: ध्वक फय् वया: मत स्यायेत्यनीबलय् काचाक्क झ्या:खापा तिनाबिइगु, अले उकी क्वातुक्क चुकू तया बिइगु । थुलि याये फतकि न्ह्याथेजा:गु ध्वक फय् (ग्व:फय्) वोसां देहरूपी छेँय् दुने च्यानाच्वनिगु ज्ञानज्योति (आत्मबोधया मत, चैतन्य स्वरुपया ज्योति) यात क्लेशरुपी मारं थी फइमखुगु जुल, स्याये मफैगु जुल । थन झ्यालय तयेगु चूकु धयागु हे मुख्य याना: काय वाक् चितं ग्रहण याना: छ्यलेमा:गु विनय जुयाच्वन, सिद्धान्तयात व्यवहारय् छ्यलेसयेकेगु जुयाच्वन ।

झीगु जीवन पद्धतिस रहस्यमय जुयाच्वंगु थुजोगु सत्यया ज: व जुक्ति लुयावसेलि बुद्धया दास जुयाच्वम्ह (शाक्यमुनि भगवान् बुद्धं क्यनाबिज्या:गु लँय् जुया: बोधिचित उत्पन्न यानाजूम्ह) झी लोककवि महाप्रज्ञा सकल कल्याणमित्रपिनी न्ह्य:ने थथे शङ्खघोष ध्वकूगु जुल ।


बुद्धया दास नं धाल न्यव साधुपिं<br>
इन्द्रियया न्यापा झ्यालं मन स्यंका बिल ।

झीगु देहरूपी छेँय् छुनात:गु इन्द्रियरुपी न्यापा: झ्या: मालीबलय् बांलाक चायेकेगु, म्वालीबलय् कताक्क तीगु कला (ART) झीसं सयेकेमा: । थुलि सिइके थुइके सयेके फत धा:सा झीगु चैतन्य स्वरुप चित्तयात इन्द्रियरुपी झ्यालं द्वहांवइगु ध्वक फसं छुं लिच्व: लाके फइमखु । थुलि जुल कि झीसं झीके च्वंगु "ज्ञानरत्न" यात अर्थात् थ:त थ:म्हं वा:चायेका: नरचोलायात भिंका च्वनेफइगु जुल ।

काव्यगुणया रसं व दार्शनिक तत्वं झी लोककवि महाप्रज्ञायागु थुगु चिनाखँ म्यें गुलि च्वन्ह्यानाच्वगु ख: संस्कृतियात ल्व:गु संगितया पक्षं नं. 'ज्ञानामाला' स दुध्याकात:गु थुगु भजन म्यें अतिकं च्वछायेबह:गु जुल । रेडियो नेपालय् ज्याथम्ह कलाकार भाजु उही गोविन्द बहादुर व म्यें चा:लय् (Cassette) वरिष्ठम्ह कलाकार मय्जु तारादेवी, अले मेमेपि पेशेवार व सौखिन कलाकार भाजु मय्जुपिन्सं नं थुगु ।

"झ्यालनं फय् वया: मत जक सित, यो मां ! झ्या: तीगु गय् ?" यात जीवन्त यानात:गु जुल ।

◆



# बुद्ध धर्म के हो ?



✍ प्रो. माणिकलाल श्रेष्ठ

पाठकहरूलाई मेरो यो लेखको शीर्षकले कतै यो लेखकले बुद्धधर्मको सार-सन्देश कै विश्लेषण गर्न लागेको हो कि भन्ने भ्रम नपरोस् । मैले यसमा बुद्ध-मतको वा तथागतको सन्देशको दार्शनिक व्याख्या गर्न लागेको होइन्, त्यसको निम्ति म योग्य पनि छैन । मैले त बुद्धधर्मबारे मेरो केही धारणा वा अझ भनौ एक दुईवटा 'इम्प्रेसन' मात्र व्यक्त गर्न लागेको हुँ ।

विश्वका प्रचलित वा बहुचर्चित धर्महरू, इशाई धर्म, इस्लाम धर्म, हिन्दू धर्म वा यहुदी धर्मजस्ता धर्महरूमा जुन अर्थमा 'धर्म' लाई सम्झिन्छ त्यस दृष्टिले बुद्धधर्म धर्म नै होइन भन्ने मलाई लाग्दछ । किनभने बुद्ध धर्म बाहेक अरु सबै धर्ममा मूलभूत दर्शन 'मेटाफिजिक्स्' वा अभूत, अलौकिक अध्यात्मसम्बन्धी चिन्तन हुन्छ, धर्मले सोच्ले विषय मानिस र अध्यात्म (आदि आत्मा वा परमात्मा) को बीचको सम्बन्ध र लौकिक जीवनभन्दा परको जीवनबारेको चिन्तन हुन्छ । यो सम्पूर्ण ब्रह्माण्ड 'आत्मा आदि' को प्रतिविम्ब मात्रै हो भन्ने धारणा धर्मले लिएको हुन्छ, उदाहारणको लागि आदि शंकराचार्यले ब्रम्ह सत्य (ब्रह्म वा परमात्माको मात्र सच्चा अस्तित्व छ, जगत त झुटो कल्पना वा सपना मात्र हो) भन्नुभयो ।

मानिसको धर्म वा धार्मिक कार्य सब यो लोक होइन्, परलोक सुधार्ने भावनाबाट प्रेरित हुन्छ । यो अर्थमा बुद्धमत धर्म नै होइन, किन भने बुद्धधर्म 'परमात्मा' मा केन्द्रित चिन्तन होइन, मानिस र मानिसको जीवन तथा मानव समाजमा केन्द्रित चिन्तन हो । अरु धर्महरूले कि त मानिसको आत्मालाई परमात्माको अंश भनी अमर ठान्दछन्, कि त मानिस ईश्वरको सर्वश्रेष्ठ रचना भएकोले उसको आत्मा अमर ठान्दछन्, तर बुद्धधर्मले आत्माको अस्तित्व नै मान्दैन भने आत्मा अमर छ भनी ठान्ने प्रश्न नै उठ्दैन । बुद्धदर्शनले सब चीज अनित्य ठान्दछ, जगतलाई पनि अनित्य ठाने पनि मिथ्या ठान्दैन, यथार्थ ठान्दछ ।

बुद्धधर्मले मानिसको मृत्यु पछिको अर्को लोकको जीवनको चिन्ता लिने होइन, यही जीवनमा दु:खबाट कसरी मुक्त हुने भनी चिन्ता लिई त्यही उपाय बारे चिन्तन गर्दछ । हुन त यसरी परलोक होइन यही लोकमा सुखको खोजी गर्ने (वा दु:खबाट मुक्त हुने) विचार बुद्धधर्मको अतिरिक्त अरु पनि कुनै कुनै

मतले लिएको पाइन्छ, उदाहरणार्थ कोरियाका छोन्दो धर्मले मरे पछिको स्वर्गको आकांक्षा लिने होइन, यही पृथ्वीमा भूस्वर्ग निर्माण गर्न प्रयत्नरत रहौं भनी भन्दछन्, तर त्यस मतमा पनि केही मन्त्र-सूत्रहरू र कर्मकाण्डहरू छन् र आध्यात्मवादबाट मुक्त छैन । तर बुद्धधर्मले धर्मको उद्देश्य मानव-सुख खोज्ने (दु:खबाट मुक्ति पाउने दु:खलाई हटाउने) हो भनी मान्दछ । फेरी दु:खद हटाउन कुनै धार्मिक विधि (रिचुयल) पालन गर्ने (छोन्दो धर्मले झैं) होइन, दु:खको कारण खोजेर पत्ता लगाई त्यसलाई हटाउने कुरा बुद्धर्धमले गर्दछ । जुनसुकै प्रक्रियाको कारण हुन्छ, कारण जान्न सकियो भने कारणलाई हटाई त्यसको नतिजालाई रोक्न सकिन्छ भन्ने धारणा बुद्ध चिन्तनको साररुपी 'चतुआर्य सत्य' को मूल सन्देश हो । कुनैपनि प्रक्रिया वा घटना ईश्वरको इच्छा वा अलौकिक शक्तिको चमत्कारीय कार्यबाट आउने होइन, त्यस प्रक्रिया वा घटनाको कारणको फलको रुपमा आउने हो भन्ने हेतुवादी चिन्तन बुद्धमत हो ।

आजभन्दा २६०० वर्ष पहिले प्रतिपादित यो हेतुवादी चिन्तन विकास हुदै गएर त्यसको बाइस तेइस शय वर्षपछि मानव समाजमा वैज्ञानिक चिन्तनको प्रादुर्भाव भयो । यसरी बुद्धधर्मको चिन्तन र मतलाई शत-प्रतिशत वैज्ञानिक दर्शन (आधुनिक अर्थमा) नभने पनि वैज्ञानिक चिन्तनको भ्रुण मान्न सकिन्छ । द्वन्द्वात्मक भौतिकवादका एक प्रतिपादक एङ्गेल्सले बुद्धलाई मानव इतिहासका सबभन्दा पहिलेका द्वन्द्ववादीहरू मध्ये एक भनी भन्नुभएको छ । त्यसै गरी अल्बर्ट आइन्स्तेनले बुद्धधर्मलाई "विज्ञानको आवश्यकतासित मिल्ने धर्म" भन्नु भयो ।

विश्वका अरु सबै प्रमुख धर्महरूभन्दा बुद्धधर्मको प्रमुख भिन्नता के हो भने अरु धर्महरूमा धर्मको आधार स्तम्भ नै 'विश्वास' हो अर्थात विश्वास विना धर्मको अस्तित्व नै रहदैन । परमात्मा, ईश्वर, भगवान, श्रृष्टिकर्तामा विश्वास हिन्दू धर्म, ईशाइ धर्म र इस्लाम धर्मको मूल आधार हो, ईश्वरमा विश्वास मात्र होइन, धर्मको कुनै सन्देश वा उपदेशमा विश्वास आस्था नभई धर्म नै टिक्दैन, तर बुद्धधर्मले विश्वासमा जोड दिँदैन बरु उल्टो सन्देह लिन आग्रह गर्दछ । कुनै 'धर्मशास्त्रमा' लेखेको कुरा भनी विश्वास नगर, गुरुले भनेको कुरा भनी भनेको कुरामा पनि विश्वास नगर्नु, आफैले सोची आफ्नो मनले वा आफ्नो मस्तिष्कले जे देख्दछ त्यसलाई मात्र विश्वास गर्नु भनी बुद्धधर्म आग्रह गर्दछ । भगवान् बुद्धले भन्नुभएको छ । ***"मैले भनेको कुरामा पनि विना आधार विश्वास नगर्नु आफैले विचार गरी ठीक देखेमा मात्र त्यसलाई मान्नु ।*** "

यही कारणले गर्दा अरु प्रमुख धर्महरूका प्रचारक गुरुहरूले आफ्नो सन्देश प्रचार गर्दा आफ्ना सम्भावित अनुयायीहरूलाई आफ्नो कुरा स्वीकार गराउन बलको रुपमा कुनै एउटा विश्वास (वन अझ अन्धविश्वास) लिन लगाउन खोजेका देखिन्छन् । ईशाइ धर्मका प्रवर्तक ईशा मसीहले आफ्नो कुरा मान्न लगाउन प्रचार गर्दा "म ईश्वर पुत्र ईश्वरको छोरा हुँ" भन्ने कुरामा विश्वास दिलाउन खोजी ***"ईश्वरको छोरा मलाई तपाईहरूलाई ईश्वरको सन्देश सुनाउन ईश्वरले नै पठाएको हो"*** भन्ने दावी गरेको देखिन्छ । इस्लामका र्धम गुरु हजरत मोहम्मदले पनि आफ्नो कुरा मान्न लगाउन आफूलाई "पैगम्बर

अल्लाह ईश्वरको दूत" भनी दावी गरे ।

ईशाले ***"सबैको सेवा गर्नु" "आफ्नो छिमेकीलाई आफू सरह ठान्नु"*** भनी सेवा, करुणा र प्रेमको सुसन्देश दिनुभयो, त्यसैगरी हजरत मोहम्मदले अन्यायको विरुद्ध न्यायको सन्देश दिनुभयो, *"मानिसको अल्लाह बाहेक अरु कोही मालिक छैन"* भनी मानिसहरूको बीच समानताको सन्देश प्रचार गर्नु भएको थियो । यस्ता उत्तम मानव गुणयुक्त पवित्र भावना प्रचार गर्ने ईशा र मोहम्मदले (ईशाले सेवाको र मोम्मदले न्यायको) आफ्नो सन्देश स्वीकार गर्न लगाउन अनुयायीहरूलाई प्रेरित गर्न तर्कको सहार लिनुको सट्टा आफ्नो कुनै अलौकिक हैसियतको विश्वास दिलाउनु आवश्यक ठाने ।

हिन्दू धर्मको पवित्र ग्रन्थ श्रीमद् भागवत गीताको सन्देश दिने भगवान् कृष्णले त झन् "ब्रहमोस्मिँ" (म नै ईश्वर हुँ) "ईश्वरको दूत" वा "ईश्वरको छोरा" भनी दावी गरे तर भगवान् बुद्धले आफूलाई "ईश्वर", "ईश्वरको दूत" वा "ईश्वरको छोरा" भनी दावी गर्नुभएन, महामानव पनि ठान्नुभएन, आफूलाई एक सामान्य मानव (बरु स्वतन्त्र मानव) सम्झनुभयो । र आफ्नो सन्देशलाई पनि ठीक छ छैन्, स्वतन्त्र रुपले चिन्तन गरी निर्णय गर्न सबैलाई आग्रह गर्नुभयो ।

यस प्रकार अन्धविश्वास, अन्धआस्था र अन्धश्रद्धाको विरुद्ध स्वतन्त्र चिन्तनको विकसित रुप वैज्ञानिक दृष्टिकोण हो । बुद्धधर्म स्वतन्त्र चिन्तन मात्र होइन, विशुद्ध जीवन पद्धतिको सन्देश पनि हो । यस अर्थमा बुद्धधर्मलाई एक मार्ग भन्नु सुहाउँछ । बुद्धधर्ममा "धर्म" को अर्थ पनि यही किसिमले प्रयोग भएको हो, "धर्म" एक प्रकारले कर्तव्यको रुपमा । बुद्धमतमा "धर्म" लाई त्रिरत्न (तीन रत्न वा जीवनका तीन आर्दश) को एक रत्न मानिएको छ । त्रिरत्न बुद्धमतका सबै अनुयायीहरूको लागि सबभन्दा सम्भावित वस्तु हुन र बौद्धहरू त्रिरत्नको (बुद्ध धर्म र संघको) आश्रय लिने आकांक्ष राख्दछन । यी तीन रत्नहरूमा बुद्धको मतलब गुरु, तथागत र ज्ञान दुबै हुन् । धर्मको अर्थ (तथागतको शिक्षा वा सन्देश) अर्थात मानिसको कर्तव्य हो र संघ बौद्ध भिक्षुहरूको समुदाय वा संघ हो । बुद्धले आफ्नो सन्देश पाँच जना ब्राह्मणहरूलाई प्रचार (धर्म चक्र प्रवर्तन) गरेपछि उहाँका पाँच जना शिष्यहरू समेत छ जनाको संघको गठन भयो । पछि राजकुमार यश र तिनका साथीहरूले पनि उक्त नवगठित संघमा प्रवेश गरेपछि संघको सदस्य-संख्या साठी पुग्यो, अनि बुद्धले धर्म (बुद्धको सन्देश) प्रचार गर्न जिम्मा दिनुभयो र फलत: धर्मको जिम्मा धर्म प्रचार प्रसारको जिम्मा संघमा सऱ्यो र संघको अर्थ कुनै एक हेतु वा लक्ष्यप्रति समर्पित व्यक्तिहरूको समूह हुनगयो ।

यसरी संघ वा समुदाय वा सामूहिकता (समष्टिवाद) बुद्धधर्मको अभिन्न भावना हो । बुद्धमत (धर्म) को संघले संघ-सदस्यहरूका बीच सम्पत्तिको सामूहिक स्वामित्वको सिद्धान्त अङ्गिकार गऱ्यो । बुद्धधर्मले सामूहिक स्वामित्वको प्रथा संघको सम्पत्तिमा मात्र सीमित राखी समाजका बाँकी गृहस्थ जनताका बीच निजी स्वामित्वलाई मान्यता दिएपनि गृहस्थहरूको सम्पत्ति आर्जन र उपभोगमा केही नैतिक नियन्त्रणहरूको सिफारिस गरेको छ । सम्पत्तिको आर्जन जीवन यापनको लागि मात्र हुनुपर्दछ, असीमित सम्पत्ति थुपार्नको लागि होइन भनी बुद्ध धर्मले जोड दिएको छ । त्यसै गरी

बुद्धधर्मले अरुलाई हानि पुऱ्याउने काम र अनैतिक कामबाट धन आर्जन गर्न निषेध गर्दछ । यसरी बुद्धधर्मले सामन्तवादी शोषणलाई निर्मूल गर्न नखोजे पनि त्यसको कुप्रभावलाई अलि कम गर्न खोजेको थियो । साथै तथागत (बुद्ध) ले धनीहरूलाई आ-आफ्नो धन गरीबको कल्याणमा लगाउन आग्रह गर्नभयो र धनी गरीबको बीचको खाडल कम गर्ने अठोट गर्नुभएको थियो ।

बुद्धले गृहस्थहरूको निजी सम्पत्तिलाई मान्यता दिनु भएपनि सम्पत्तिको निजी स्वामित्वलाई विकृति र विषमताको जड मान्नुहुन्थ्यो । बुद्धले स्पष्ट शब्दमा भन्नुभयो "शुरुमा मानिसहरूमा सम्पत्तिको सामूहिक स्वामित्व प्रथा थियो र खेतबाट धान उब्जाउ गर्न पनि सामूहिक श्रम गरिन्थ्यो पछि गएर उनीहरूले जमीन आफू आफूमा बाँडेर लिए र यसरी व्यक्तिगत स्वामित्व प्रथा आयो । अनि केही लोभी पापीहरूले अर्काको भागको जमिन पनि चोरेर लिन थाले । यस्ता दुष्कर्म रोक्न मानिसहरूले शासक छानेर उसलाई समाजमा शान्ति सुव्यवस्था कायम गर्ने जिम्मा सुम्पे ।" (अग्गञ्ञ सुत्त, दीघनिकाय २७) । बुद्धले सम्पत्तिको निजी स्वामित्वलाई **"ढकमा ठग्ने, नापमा ठग्ने, घुसखोरी, कृतघ्नता, षड्यन्त्र, कुटपीट, काटमार, दासता, डकैती, लुट र हत्याको स्रोत" भन्नु भयो । (दीघनिकाय ३,७)**

समाज र समाज व्यवस्था बारे बुद्धधर्मको यो सन्देश थियो भने मानिस व्यक्तिको आचरणको सम्बन्धमा अष्टाङ्गिक मार्गमा निर्देशित गरिएको छ । बुद्धधर्मको (वा बुद्धको शिक्षाको) मुख्य सार चतुआर्य सत्य र अष्टाङ्गिक मार्ग हुन् । जगत र समाजको घटना र प्रक्रियाबारेको सही ज्ञान चतुआर्य सत्य हो भने सत्यको त्यस ज्ञानमा आधारित र त्यसबाट प्रेरित सही आचरण अष्टाङ्गिक मार्ग हो ।

यसरी बुद्धधर्मको सन्देश व्यक्ति र समाजको लागि विशुद्धि मार्ग वा सही आचरणको सन्देश हो । यस धर्मलाई "रिलिजन" को अर्थको धर्म भन्न मिल्दैन, यो त स्वतन्त्र चिन्तन गर्ने मानवले लिनुपर्ने जीवन-पद्धतिको शिक्षा वा मार्ग दर्शन हो ।

◆


# हार्दिक मङ्गलमय शुभकामना

विश्व शान्तिका महानायक गौतम बुद्धको २५६७ औं जन्म जयन्ती सम्बोधिलाभ तथा महापरिनिर्वाण बुद्ध पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा देश विदेशमा बस्नुहुने ग्राहकवर्ग तथा सम्पूर्ण महानुभावहरूमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

## भक्तपुर इँटा उद्योग व्यवसायी संघ

लिबाली-८, भक्तपुर

# वैशाख पूर्णिमाको सन्देश

✍ डा. गणेश माली

सदाझैं यस वर्ष पनि बैशाख पूर्णिमा आएको छ, तथागत भगवान् गौतम बुद्धको जन्म, सम्यक् सम्बोधि र महापरिनिर्वाणको सम्झना दिलाउँदै, भगवान बुद्धद्वारा सर्वप्रथम यस लोकमा प्रतिपादित सद्धर्म प्रतीत्यसमुत्पाद, चार आर्यसत्य र अष्टांगिक मार्ग (सम्यक् दृष्टि, संकल्प, कर्म, बचन, आजीविका, व्यायाम, स्मृति र समाधि) को सदेश लिएर, शील समाधि र प्रज्ञामय जीवन बाँची दु:खदबाट विमुक्त भइरहने प्रेरणा दिएर ।

तर अपशोच् ! पाप र दुराचारबाट अकुशल कर्म पथबाट विरत रहेर कुशल कर्महरूलाई अप्रमादी भई सम्पदान गर्दै प्रज्ञायुक्त जीवन बाँच्ने सन्देशलाई एकातिर पन्छाएर, आज हामी महामानव बुद्धप्रतिको आफ्नो दायित्वलाई केवल पूजा-आजा र नमस्कार सम्ममा मात्र सीमित राखी दन्की रहेको तृष्णा र स्वार्थको ज्वालामा आफूलाई होमी रहेका छौं । लोभ, क्रोध, द्वेषादि दुर्गुणहरूमा चुर्लुम्म डुबी स्वार्थ पूर्तिको लागि हिंसा र हत्याको बाटो रोजी मर्न र मार्न तम्सी रहेका छौं । गरीब सोझा सीधाहरूको आनादर, तिरस्कार र जाली फटाहा धनाढ्यहरूको मात्र समाजमा कदर भैरहेको छ, स्वार्थ पूर्तिको भीषण संघर्षमा बाँच्नको लागि गर्नुपर्ने र सहनुपर्ने दु:खको अगाडि, यस भवचक्र (जन्म जरा व्याधि मरण चक्र अथाव ८४ लाख जुनी) को दु:ख गौण नगण्य देखिन थालेको छ ।

यसो किन भयो ? यसको पनि कारण छ ।

आज भन्दा करीव २५०० वर्ष अघि भगवान् बुद्धको पालामा जनसंख्या कम (सायद आजको २००० खण्डको १ खण्ड मात्र) थियो । जग्गा जमीन र जमीनबाट उत्पन्न भएका बाँच्नको लागि आवश्यक साधनहरू सबैको लागि प्रशस्त थिए, आफ्नो परिवार र भावी सन्ततिको लागि धन बटुल्ने होडबाजी थिएन, बाँच्नको लागि गर्नुपर्ने संघर्ष न्यून थियो, सबैले आफ्नो श्रम र शीपले सुख सुविधा पूर्वक जीवन यापन गर्थे, यसबेलाको महान दु:ख भन्नुनै यही भवचक्रको दु:ख थियो र त्यसबेलाका मनीषी समाज सेवी विचारकहरूले सो दु:खबाट मुक्तिको बाटो खोजी निकाल्नु आफ्नो प्रमुखदायित्व सम्झेका थिए । आज बढ्दै गइरहेको जनसंख्याको कारण बाँच्नको लागि कठोर संघर्ष गर्नुपर्ने भएको छ, धोखा घडी, बेइमानी, चाप्लुसी, चारसौबिस, भ्रष्टाचार, अनाचार, दुराचार आदि नगरीकन सुख पूर्वक बाँच्न असम्भव प्राय: भएको छ । सौभाग्यवश शक्तिको श्रोत चारैतिर झुण्डिन पाएका केही भाग्यशालीहरूले मात्र जीवनलाई चाहने आवश्यक सुविधा येन केन प्रकारेण कुम्ल्याउन सफल भैरहेका छन् बाकी निमुखा जनताहरू नांगोझार भैरहेका छन् । समाजमा विसमता छाएको छ, देशमा कोही असाध्यै धनी र कोही गरीब मागने "सन्तान थरी थरीका" देखिन थालेका छन्, गरीब

र धनीबीचको फाटो बढ्दैछ । धर्म कर्म शील पालनादि केवल शक्ति हीन डरछेरूवाहरूको लाज छोप्ने वस्त्रको रुपमा मात्र प्रयोग भैरहेको छ । यस विसम सामाजिक परिस्थितिमा आफू र आफूलाई बचाउने संघर्षमा जे पनि गर्ने मनस्थितिमा समाजका अधिकांश व्यक्तिहरू पुगीसकेका छन् ।


अब के फेरी यस्तो समाज निर्माण गर्न सम्भव होला, जहाँ पहिलेका स्वर्णयुगमा जस्तै, जीवन संघर्ष पूर्ण नहोस् । जनसंख्या घट्दै धरतीमाताले धान्नसक्ने स्थितिमा पुगोस् यथोचित श्रम गरेर सबैले सुख पूर्वक बाँच्न पाउने होस, समाजमा विसमता नहोस्, अनि समाजमा दन्की रहेको तृष्णाको ज्वाला शीतल भएर जाओस् ?

यसरी जब अन्य विकराल समस्याहरूले पिरोल्न छाड्ने छ, तब बुद्धद्वारा प्रतिपादित सु-आख्यात मार्गमा लागि भवचक्रको दु:खबाट छुटकारा पाउने मनस्थिति मानिसहरूमा बन्न जानेछ । अनि बुद्धको शाश्वत सदा सत्य, चतुरार्य सत्य र आर्य-अष्टांगिक मार्गको अनुशीलन गरी प्राणी मात्रको हित सुखको लागि आफूलाई अर्पण गर्नेहरूको संख्यामा बृद्धि हुनेछ । के खाउँ र के लाउँ भन्ने समस्याले नपिरोलेका घरपरिवारलाई त्यागी भिक्षाको भरमा संघर्षमय जीवन अर्पण गर्नेहरूको संख्या समाजमा बढ्दै जानेछ ।

आज वैशाख पूर्णिमाले हामीलाई भगवान् बुद्धले दिनु भएका उपदेशहरूलाई हृदयंगम गरी तद्नुसार सामाजिक तथा व्यक्तिगत जीवन दुबैमा तृष्णाको मात्रालाई कम गरी वा शीतल पारी शील, समाधि र प्रज्ञाको बाटोमा लागि शान्तिमय जीवन बिताउने संदेश दिईरहेको छ ।

◆


विश्व शान्तिका महानायक गौतम बुद्धको २५६७ औं जन्म जयन्ती सम्बोधिलाभ तथा महापरिनिर्वाण बुद्ध पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा देश विदेशमा बस्नुहुने ग्राहकवर्ग तथा सम्पूर्ण महानुभावहरूमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।



न्यू सुर्वण आभुषनालय

इनाचो, भक्तपुर

फोन नं. ९८४१३५०३१, ६६११२७२

*सुन तथा चाँदीका गर-गहनाहरुका लागि सम्झनुहोस् ।*



हार्दिक शुभकामना

विश्व शान्तिका महानायक गौतम बुद्धको २५६७ औं जन्म जयन्ती सम्बोधिलाभ तथा महापरिनिर्वाण बुद्ध पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा विद्यार्थी, अभिभावक तथा शुभचिन्तक सम्पूर्ण महानुभावहरूमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

समाज सुधार

माध्यमिक विद्यालय

जैंला, भक्तपुर, फोन नं. ०१-६६१०८११

# साहू मोतिलाल शिल्पकार



✍ रत्नसुन्दर शाक्य

नेपालमण्डलका एक प्रमुख शहर- पाटनका एक कर्मठ समाजसेवी, बुद्धिजीवी, वाद्यवादनका गुरु, बुद्ध-धर्ममा विशेष समर्पित, हिन्दू एवं बौद्ध संस्कृतिका संरक्षण-सम्वर्द्धन गर्नमा तल्लिन भएका एक व्यक्तित्व हुनुहुन्छ-साहू मोतिलाल शिल्पकार । यहाँ उहाँकै संक्षिप्त परिचय प्रस्तुत गर्दछु-

उहाँको जन्म वि.सं. १९९१ सालको माघ शुक्ल दशमीका दिन पाटनको जोम्बहालस्थित पिता मोहनलाल शिल्पकार र माता हरिमाया शिल्पकारको सुपुत्रको रुपमा भएको थियो ।

उहाँले शैक्षिक योग्यताको रुपमा साधारण अंग्रेजी र नेपालीभाषा लेखपढ गर्न मात्र सिकेको थियो तापनि उहाँले वि.सं. २००३-०४ सालदेखि आफ्नो पैतृक कार्य हस्तिहाड, हड्डी, सिंग, काष्ठकला, हस्तकलाका काम सिक्दै र सिकाउँदै आउनुभएको थियो । यसैको फलस्वरुप वि.सं. २००८ सालमा नेपालमा सर्वप्रथम सम्पन्न गरिएको "ललितपुर हस्तकला प्रदर्शनी" जसको समुद्घाटन श्री ५ त्रिभुवन वीर विक्रम शाहदेव (वि.सं १९६३- २०११) बाट भएको थियो मा उहाँले कलात्मक हस्तिहाड, काष्ठकलाका सामानहरूको एक कक्ष नै राख्नुभएको थियो ।


साहू मोतिलाल शिल्पकारले वि.सं. २००६ सालको जेष्ठ महिना मै पाटन इखालखु टोल-तिछुं गल्लीस्थित विष्णुलाल श्रेष्ठ र प्राणमाया ताम्राकारका जेष्ठ पुत्री श्यामलक्ष्मीसित विवाह गर्नु भएको थियो । उहाँहरूको पहिलो पुत्रको रुपमा वि.सं. २०१० साल चैत्र अष्टमीका दिन श्यामलाल शिल्पकारको जन्म भएको थियो ।

तर अफशोच १ श्यामलाल शिल्पकार सिर्फ २२ वर्षको उमेरमै आफ्नो दुवै किड्नी काम नलाग्ने (निस्क्रिय) हुन गएको कारण, आमा श्यामलक्ष्मीको तर्फबाट एउटा किड्नी आफ्नो शरीरमा ट्रान्सप्लान्ट गरेर पनि उहाँ बच्न सक्नुभएन । श्यामलाल एक होनहार व्यक्ति, बी.कम. पनि पढ्दै, भारतको आन्ध्रप्रदेशस्थित हैदरावादमा गई "इण्डष्ट्रिज म्यानेजमेन्ट ट्रेनिङ्ग" समेत लिएर आइसक्नुभएका व्यक्ति एक्कासी अस्वस्थ हुनुभयो । उहाँलाई यहाँको शान्तभवन र वीर अस्पतालको उपचारले नभएपछि दिल्लीस्थित All India Medical Institute मा पुऱ्याएर स्वास्थ्योपचार गरे बावजूद पनि सकुशल फर्कन

सक्नुभएन । त्यही उहाँको निधन वि.सं. २०३१ साल आषाढ कृष्ण पक्ष एकादशीको दिन हुन गएको थियो ।

श्यामलाल शिल्पकार-आफ्नो मातापिताले वि.सं. २०२३ सालमा विधिवत रुपमा दर्ता गरिसकेको पाटन औद्योगिक क्षेत्रमा स्थापित "Wood Carving Industry" को म्यानेजर समेतको अभिभारा (जिम्मा) लिईसकेका पुत्र थिए । पुत्रको निधनबाट मोतिलाल दम्पत्ति शोकाकुल हुनु स्वाभाविकै भयो । उहाँहरूले पुत्रको स्मृतिमा सोही साल (२०३१ साल) मै आफ्नै नातेदार हुनुभएका भिक्षु सुमंगल (वि.सं. १९८६-२०५५) का रचनाहरू (उहाँकै तर्फबाट) सम्पादित गराई "Buddhist Meditation" नामक कृति प्रकाशन गरी नि:शुल्क वितरण गरिएको थियो ।

साहू मोतिलाल दम्पतिले विशेषत: पुत्रको वियोग भएको सालदेखि प्रत्येकवर्ष नियमित रुपमा स्थविरवादी भिक्षु, श्रामणेर एवं अनगारिकाहरूलाई निमन्त्रित गरी नियमित भोजन दान, परित्राण-महापरित्राण आदि विभिन्न पुण्यकार्य गर्दै आइरहनुभएको झण्डै ५ दशक हुन लागेको छ ।



मोतिलाल शिल्पकार

मोतिलाल शिल्पकार-परिवारको तर्फबाट वर्षैनि पुण्यादिकार्य गरिंदै आएको दिनहरू एकपटक याद गरौं -

१. पुत्र श्यामलाल शिल्पकारको निधन दिन - आषाढ कृष्णपक्ष एकादशी ।

२. पिता मोहनलाल शिल्पकारको निधन दिन- श्रावण शुक्लपक्ष द्वादशी ।

३. माता हरिमाया शिल्पकारको निधन दिन - आश्विन शुक्लपक्ष सप्तमी (फुलपाती) ।

४. कनिष्ठ पुत्र श्रीजेशलालको जन्मदिन -कार्तिक शुक्लपक्ष द्वितीया- २०४२ देखि

५. साहू मोतिलालको आफ्नै जन्मदिन -माघ शुक्लपक्ष दशमी ।

६. दिदी मनदेवी शिल्पकार (अनगारिका मेघावती) को निधन दिन - चैत्रशुक्लपक्ष तृतीया ।

साहू मोतिलाल शिल्पकारले यी दिनहरूको अतिरिक्त अन्य समयमा गर्दै आइरहनुभएका विभिन्न पुण्यकार्यहरूमा-विभिन्न संघ, संस्था, देवालय, विहार आदिको निर्माण, पुन: निर्माणको साथै कैयौं असहाय भिक्षु, अनगारिका एवं अन्य दु:खीजनहरूलाई गर्नुभएको सहयोग, दान प्रदानको सूची वि.सं. २०७२ सालको मंसिर महिनासम्ममा १००० क्रमा उल्लेख रहेको अतिस्मरणीय छ ।

साहू मोतिलाल शिल्पकार - एक उद्योगी, व्यापारी समाजसेवीको रुपमा बहुआयामिक व्यक्तित्वको रुपमा रहेको जानकारी प्राय:लाई अवगत भएकै कुरा हो । उहाँको तर्फबाट कला संस्कृति, वाद्यवादन, भाषिक (विशेषत: नेपाल भाषा) को साथै बौद्धसाहित्य वृद्धि गर्नमा पनि त्यतिकै तल्लीन रहनुभएको पनि अति स्मरणीय छ ।

उहाँबाट प्रकाशित गरिएका सुरुका केही

पुस्तकहरूको क्रममा "Buddhist Meditation" पश्चात् भिक्षु अमृतानन्द महास्थविर (वि.सं. १९७५-२०४७) द्वारा सम्पादित "संक्षिप्त कथा सहित धम्मपद भाग-१" लाई वि.सं २०३९ सालमा पिता मोहनलाल शिल्पकार (वि.सं. १९५७-२०२४) को पुण्यस्मृतिमा र आफ्नो ५० औं जन्मोत्सवको अवसरमा भिक्षु विवेकानन्द महास्थविर (वि.सं. १९७३-२०४२) द्वारा अनुवादित "तेमिय जातक" लाई "धर्मकीर्ति वौद्ध अध्ययन गोष्ठी" को तर्फबाट प्रकाशित गराउनुभएकोलाई याद गर्न सकिन्छ ।

यस्तै प्रकारले साहू मोतिलाल शिल्पकारले "नेपाल बौद्ध परियति शिक्षा"को पाठ्यक्रम अनुरुपका कैयौं पुस्तकहरू पनि निरन्तर प्रकाशन गर्दै आइरहनुभएको पनि हामीलाई अवगत भएकै कुरा हो । सो क्रममा यस पंक्तिका लेखकद्वारा लिखित बौद्ध ऋषि महाप्रज्ञा, भाजुरत्न साहू, नेपालका ज्येष्ठतम् भिक्षुहरू भिक्षु प्रज्ञानन्द महास्थविर, धर्मालोक महास्थविर, शाक्यानन्द महास्थविर र अमृतानन्द महास्थविरको जीवनीलाई "परियति-तृतीय प्रवेश शिक्षा, भाग-२" मा सम्मिलित भएको यस पुस्तक वि.सं. २०६० सालमा प्रकाशन गरिएको थियो । सोही पुस्तक वि.सं. २०७० सालमा पुन: मुद्रण गरिदिएको पनि स्मरण गराउन चाहन्छु ।

उहाँ-मोतिलाल शिल्पकारले युवावस्था देखि नै लाग्नुभएको एक पक्ष हो-वाद्यवादन । यसै प्रसंगमा उहाँले ६५ वर्षअगाडि लेख्नुभएको एक रचना "खिं बाजं व ताल" नामक लेख २५०० औं वुद्ध जयन्तीको अवसरमा प्रकाशित "धर्मोदय विशेषा" मा प्रकाशित गरिएको स्मरणीय छ । यसको ४५ वर्ष पश्चात् उहाँले "धा: बाजा, नौबाजा व. म्ये यागु शब्द व बोल" नामक कृति लेखी वि.सं. २०५९ सालमा प्रकाशित गर्नुभएको थप स्मरणीय हुन आउँछ ।

साहू मोतिलाल शिल्पकारले बुद्ध-धर्म प्रचार-प्रसारको क्रममा "नेपाल बौद्ध परियत्ति शिक्षा" का विद्यार्थीहरूलाई प्रेरणा स्वरुप दिंदै आइरहनुभएको पुरस्कार वितरणमा पनि टेवा दिंदै आइरहनु भएको र विभिन्न परियत्ति केन्द्रका विद्यार्थीहरूको बीच "परियत्ति वक्तृत्वकला प्रतियोगिता" नियमित रुपमा सम्पन्न गर्न-गराउनमा पनि लाग्दै आइरहनुभएको अतिस्मरणीय छ ।

उहाँले विशेषत: पाटनको यत्र-तत्र स्थानमा रहेको बुद्ध विहारहरूमा आवश्यक निर्माण कार्य, धम्महल, विहारहरूको मूलढोकाहरूको निर्माण कार्यमा सहायताको साथै काठमाडौं उपत्यका एवं उपत्यका बाहिर रहँदै आइरहनुभएका भिक्षु एवं अनगारिकाहरूलाई पनि नियमित रुपमा निमन्त्रणा गरी भोजनदान, धर्मदेशना, परित्राण पाठ आदिको आयोजना सम्पन्न गरी विभिन्न पुण्यकार्य गर्दै आइरहनुभएको प्राय: बौद्धजगत्लाई थाहा भएकै कुरा हो । उहाँको तर्फबाट वि.सं. २०५३ सालदेखि निरन्तर रुपमा वर्षैनि हजारौं बौद्ध गोजी पात्र प्रकाशन गरी वितरण गर्दै आइरहेको पनि सर्वविदितै छ ।

यसप्रकार समाजको हरेक गतिविधिमा संलग्न भई पर्याप्त सेवा दिंदै आइरहनुभएका साहू मोतिलाल शिल्पकारको आफ्नै निजी औद्योगिक गतिविधिहरूको विवरण विशेष अध्यायको रुपमा अलग्गै लेख्न सकिन्छ ।

उहाँ विशेषत: सन् १९७३ देखि विभिन्न प्रसंग अन्तर्गत जसमा भ्रमण, व्यापारमेला, प्रदर्शनी एवं गोष्ठी हेतु एशिया, यूरोप एव अमेरिकाका अधिकांश मुलुकहरूमा पुगिसक्नुभएको छ । उहाँ दक्षिण-पूर्व एशियाका अधिकांश बौद्ध देशहरूमा पनि पटक-पटक पुगी त्यहाँको बौद्धधार्मिक गतिविधिको जानकारी हासिल गरी बुद्धधर्मप्रति थप अटूट् श्रद्धा राख्दै आउनुभएको हामीलाई थप जानकारीमा छ ।

यस पंक्तिका लेखकले उहाँसित परिचित हुने मौका वि.सं.२०६३ को फागुनदेखि मात्र पाएको छु । त्यस दिन (१२ फागुन) यस पंक्तिका लेखकलाई "बुद्ध बिहार संरक्षण समिति" को तर्फबाट "सुमंगल स्मृति अभिनन्दन सिरपा-२०६२" को सम्मान प्रदान गरिएको थियो त सोही दिन "सुमंगल स्मृति अभिनन्दन सिरपा-२०६३" को सम्मान अनगारिका गुणवतीलाई प्रदान गरिएको थियो । उक्त दिन "बुद्धविहार संरक्षण समिति" का एक सदस्य हुनुभएका श्री मोतिलाल शिल्पकारको पनि उपस्थिति हुनु स्वाभाविकै थियो ।

यस पश्चात् पुन: उहाँ सित सुपरिचित हुने मौका एक दशक पछि प्राप्त भयो । हेतु थियो- तथागतको एक अविजहित स्थान शंकास्यमा त्यहाँ स्थित "शास्ता फाउण्डेशन ट्रष्ट" द्वारा निर्माण गरिरहेको "अशोकाराम विहार" को निमित्त नेपाली शैलीको एक चैत्य (५ फीटको) त्यहाँ प्रतिष्ठापन गर्न "शास्ता फाउडेशन ट्रष्ट" का प्रमुख डा. राहुलप्रिय रक्षापालसिंह र सचिव डा. अशोक प्रियदर्शीको आकांक्षाअनुरुप सो को निमित्त आइरहनु भएका डा.अशोक प्रियदर्शीलाई साथ लिई २ आश्विन २०७५ का दिन हामी - रत्नसुन्दर शाक्य (यस पंक्तिका लेखक), विसन्तर शाक्य, प्रताप मानन्धर र संचित बुद्धाचार्य साहू मोतिलाल शिल्पकारकहाँ पुगेको थिएँ। उहाँले ५ फीटको चैत्य छत्र सहित तयार गरी प्रदान गर्ने वचन सोही दिन दिनुभएको थियो ।

तर अफशोच १ उहाँबाट बेलैमा चैत्य पूर्ण तयार गरिसकेको भएर पनि विश्वमा महामारीको रुपमा फैलिएको कोरोना रोगको कारण ११ चैत्र २०७६ का दिन देखि नेपालमा पनि ियअप मयधल शुरु भएबाट पटक-पटकको प्रयाशबाट पनि असफल भई सो चैत्य शंकास्यमा पुऱ्याउन ढिलासुस्ती हुँदै गयो ।

संयोगको कुरा, शंकास्यको "अशोकाराम विहार"को निमित्त डा. अशोक प्रियदर्शीको आग्रहमा दाता साहू मोतिलाल शिल्पकारको तर्फबाट चैत्य तयार भए जस्तै सोही विहारको निमित्त एक बुद्ध मूर्ति पनि "युवक बौद्ध मण्डल" का केही मित्रहरू (आशारत्न शाक्य, सुरेन्द्र शाक्य, राजेश शाक्य आदि)को विशेष पहलमा कोटेश्वरमा रहँदै आउनुभएका भक्तपुरकै दाता श्री ज्ञानरत्न शाक्यको तर्फ (श्रद्धा) बाट ५ फीटकै एक धातुकै बुद्ध-मूर्ति पनि तयार भइसकेको थियो ।

साहू मोतिलाल शिल्पकारको तर्फ (श्रद्धा) बाट निर्मित चैत्य २५ चैत्र २०७८ (९ जनवरी २०२२) का दिन अखिल नेपाल भिक्षुमहासंघका अध्यक्ष फ्राखु विशाल भिक्षु धम्मसोभन महास्थविर, भिक्षु शीलभद्र महास्थविर, भिक्षु संघरक्षित एवं अन्य केही भिक्षु, श्रामणेर, अनगारिका र सो चैत्य र बुद्ध-मूर्ति शंकाश्यमा पुऱ्याउन लाग्नुभएका भक्तपुरका समूह, युवक

बौद्ध मण्डलका केही पदाधिकारीहरूका साथ अन्य केही प्रमुख व्यक्तित्वहरूको उपस्थितिमा साहू मोतिलाल शिल्पकारको ललितपुर-जावलाखेल लोकेश्वर टोल-५ स्थित उहाँको आफ्नै घरको वाटिकामा एक समारोह सम्पन्न गरी डा.अशोक प्रियदर्शी दम्पत्तिको हातमा दाता साहू मोतीलाल शिल्पकार दम्पत्तिको हातबाट सो चैत्य हस्तान्तरण गरिएको थियो । स्मरणीय छ, यसको एक दिनअगाडि २४ पौष २०७८ (८ जनवरी २०२२) का दिन थानकोटस्थित जेतवन विहारमा त्यहाँका प्रमुख भिक्षु अशोक र भिक्षु संघरक्षितको उपस्थितिमा बुद्ध-मूर्तिका दाता ज्ञानरत्नका परिवारको तर्फबाट  अशोकराम विहारका प्रमुख प्रतिनिधि डा. अशोक प्रियदर्शी र श्रीमती अनुलाको हातमा बुद्ध-मूर्ति हस्तान्तरण गरिएको थियो ।

सो चैत्य र बुद्धमूर्ति थानकोटको जेतवन विहारमा भिक्षु अशोक र भिक्षु संघरक्षितको संरक्षणमा केही दिन राखिसकेपछि भिक्षु संघरक्षितको विशेष पहलबाट बल्ल २५ जनवरी २०२२ का दिन शंकास्यमा पुऱ्याउन हामी सफल भएँ। ती चैत्य र बुद्ध-मूर्ति शंकास्यमा पुगेको डेढ महिनापछि अशोकाराम विहारमा चैत्य प्रतिस्थापन गरिने ठाउँमा भूमि अभिसिञ्चन कार्य त्यहाँ स्थित भिक्षु डा. ऊ शिन नन्द र भिक्षु संघरक्षितद्वारा परित्राण पाठ गरी सम्पन्न गरिएको थियो । सो कार्यमा सम्मिलित हुन हामी भक्तपुरबाट यस पंक्तिका लेखक, तुलसीकाजी मानन्धर, शाक्ययन शाक्य र श्रीमती विद्या शाक्य सम्मिलित भएको थिएँ। दिन थियो- १० मार्च, २०२२ ।

यसप्रकार नेपालको आधुनिक समयमा बुद्ध-धर्म, नेपालभाषा साहित्य, संस्कृति, उद्योग व्यवसाय आदिको उत्थानमा अनवरत रुपमा लाग्दै, सहयोग गर्दै आइरहनुभएका हाल ८९ वर्षमा पुगिसक्नुभएका साहू श्री मोतिलाल शिल्पकारले आफ्नो जीवनमा भीमरथारोहण, चन्द्ररथारोहण, देवरथारोहण सम्पन्न गर्न पाए जस्तै दिव्यरथारोहण पनि पारगर्न सकोस् भनी मंगल कामना गर्दछु ।

**विशेष सन्दर्भ -**

१. लुमन्ति जीवनया ग्रन्थ (श्री मोतिलाल शिल्पकार र कृष्णलक्ष्मी शिल्पकारको चन्द्ररथारोहणको अवसरमा प्रकाशित)

- नेवाः प्रेस दबू नेपाः यल
ने.सं. ११३७ (वि.सं.२०७३)

◆


## हार्दिक शुभकामना

'विश्व शान्तिका महानायक गौतम बुद्धको २५६७ औं जन्म जयन्ती सम्बोधिलाभ तथा महापरिनिर्वाण बुद्ध पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा देश विदेशमा बस्नुहुने ग्राहकवर्ग तथा सम्पूर्ण महानुभावहरूमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।



प्रो. धिरेन्द्रराज शाक्य ९८४१२९९९१४
मणिकराज शाक्य ९८४१६९२५१४

**डी. एम. सुन चाँदी गहना पसल**

कमलविनायक, भक्तपुर-१०

यहाँ तयारी तथा अर्डर बमोजिम सुन चाँदीका गहनाहरू बनाइनुको साथै ग्रह तथा राशीअनुसारका पत्थर पनि पाइन्छ । साथै यहाँ नाक, कान पनि छेडिन्छ ।

# आफूलाई सम्हाल

✍ प्रा.डा. धनरत्न शाक्य, एमडी
बरिष्ठ स्नायु, दुर्व्यसन तथा मनोरोग विशेषज्ञ।
*Email- drdhanashakya@yahoo.com*

मान्छे सहित् जिवित् प्राणी र बोटबिरुवामा शारिरीक र जैविक क्रियाहरू नियमित र सन्तुलित हुन्छन्। यसको लागि संयन्त्र वा प्रणाली हुनेगर्छ। मानव शरीरमा तत्काल र अल्पकालीन नियन्त्रण स्नायूप्रणाली (nervous system) ले गर्छ भने बिस्तारै हुने दिर्घकालीन नियन्त्रण अन्तःश्राव प्रणाली (endocrine system) बाट हुन्छ। स्नायूप्रणालीले समन्वय र सन्तुलनमा राख्न पूरक प्रणालीहरू (सिम्पाथेटिक sympathetic र पारा-सिम्पाथेटिक para-sympathetic) को माध्यमबाट जैविक प्रक्रियाहरूमा नियमन, नियन्त्रण र सन्तुलन गरिरहेको हुन्छ। सामान्यतया एउटाले कुनै कुरा (जस्तैः मुटुको चाल) बढाउँछ भने अर्कोले घटाउँछ। मानव शरीरका यावत् जैविक प्रक्रियाहरू (जस्तैः मुटुको चाल, सासको गति, पाचन, बिकार बिसर्जन लगायत्) सबैलाई यसले नियन्त्रित र सन्तुलित राख्दछ।

व्यक्तिको व्यवहार, बोली, मिजास, भावना, बिचार, इन्द्रिय-ज्ञान लगायत् होस्-हवास, ध्यान, एकाग्रता, स्मृति, ज्ञान, बुद्धि, विवेक, निर्णय र आफ्नो तन-मनको अवस्थाको चेत् जस्ता मनोवैज्ञानिक क्रियाहरू मनको नियन्त्रणमा सम्पादन हुन्छन्। मानव मनका चेत्, अर्द्ध-चेत् वा अचेत खण्ड (conscious, preconscious, unconscious mind) को एक अंश (id) आवश्यकता, चाहना कुनै रुपमा सिघ्र पूरा होस् भन्ने नासमझ बच्चा जस्तो हुन्छ, अर्को (super ego) कडाइका साथ नियन्त्रणमा राख्ने घरकी मुली बज्यै जस्तो हुन्छ। तेस्रो अंश (ego) यी दुईको बीचमा सामञ्जस्य खोजिरहेको हुन्छ। मानव समाज, सभ्यता र संस्कृतिका सारा कुराहरू मानव मनकै उपज हुन्। समय र परिस्थितिको दिशानिर्देश, नियन्त्रण र निक्यौंल मनले नै गर्ने हो। यसर्थमा, भगवान बुद्धले मन मुख्य भएको तथ्य औंल्याउनुभयो। मूलतः भगवान बुद्धको शिक्षा यहि मनलाई सजग, सचेत, सहि, सन्तुलित, स्वस्थ र स्वच्छ बनाउने, राख्नेतिर परिलक्षित छ।

एक मानिसको तन, मन र सामाजिक सम्बन्धमा यस्तो नियन्त्रण र नियमणको उद्धेश्य भनेको सर्वोत्तम, क्रियाशिल र सामान्य अवस्थाको प्राप्ति र निरन्तारता हो। यो कुरा समस्त ब्रम्हाण्ड, प्रकृति र चराचर जगत्मा पनि लागू हुन्छ। यहाँका हरेक कुरा र घटनाहरू नियमित

आकस्मिकतामा आबद्ध र आधारित हुने गर्छन् । स्वस्थ शरीरका लागि: सन्तुलित आहार र पोषणह पर्याप्त पानीह नियमित र पुग्दो निद्राह शारिरीक व्यायामह नशालुपदार्थ र बिना प्रेश्क्रिप्शन दवाइ सेवनदेखि टाढाह यौन र प्रजनन् स्वास्थ्यह शारिरीक र वातावरणीय सरसफाईह स्वस्थ घर र चर्पीह चोटपटक र दुर्घटनादेखि सावधानीह स्वच्छ हावा र पर्यावरणह मौसम अनुकूल सावधानी, सुहाउँदो र आरामदायी पहिरण जस्ता नियमहरू पालना गर्नुपर्छ । मनोसामाजिक स्वास्थ्यका लागि: शक्रिय जीवन र दैनिकीह जीवनमा उद्धेश्य र आद्यात्मिक पहुँचह परस्पर सहानुभूति, सम्बाद, सहयोग र उपयुक्त, अनुकूल सामाजिक सम्बन्धह परम्परा र चालचलनको सदुपयोगह यथार्थपरक सोच, योजना र व्यवहारह लचकता र फुर्सदको समयको उपयोगह सकारात्मक सोचबिचारह सुधारोन्मुख परिवर्तनशीलता र सिक्ने प्रयासह रचनात्मक र मन शान्त पार्ने क्रियाकलापह तनाव व्यवस्थापन र समस्या समाधानको सिपह अध्ययन, मनन्शीलता, सचेतता र सजगता र जथाभावी इन्टरनेट, सामाजिक सञ्जाल, मोबाइल जस्ता लत लाग्ने कुरादेखि सतर्क रहन आवश्यक हुन्छ ।

जीवन-जगत्को चारआर्य सत्य दु:ख, दु:खको कारण, दु:खको निवारण र समाधानका लागि भगवान बुद्धले प्राणी हत्या, चोरी, व्यभिचार, नशासेवन र असत्य झूटदेखि बच्ने पाँच नियमहरू औंल्याउनुभयो । पञ्चशिल व्यक्ति मात्र होइन, अन्तर्राष्ट्रिय सम्बन्धको समेत मार्गदर्शक सिद्धान्त भएकोछ । आर्यअष्टांगिक मार्ग मनोत्थानका लागि महत्वपूर्ण छन् । यस अन्तर्गत् सम्यक दृष्टि (ठीक धारणा), सम्यक (ठीक) संकल्प, सम्यक बचन, सम्यक कर्म (ठीक काम), सम्यक आजीव (ठीक जीविका), सम्यक व्यायाम (ठीक प्रयत्न वा मेहनत), सम्यक स्मृति (ठीक स्मृति वा जागरण) र सम्यक समाधि (ठीक एकाग्रता) पर्दछन् । हरक्षण जीवनभर होस राखेर सजग भई अन्तरमन शुद्ध बनाउने साधना बिपश्यना धेरै मानिसको जीवनमा चरित्र सुधारको लागि आधार नियम बनेकोछ ।

मनको नासमझ, कमजोर र जंगली अंश (id) लाई चिनेर, आमाले जस्तो स्वीकार गरेर प्रज्ञा र करुणापुर्वक ब्यवस्थापन गर्न र लगाम लगाउन नसक्दा मानिसबाट गल्ती हुनजान्छह गलत बाटोमा भट्किने गर्छ । आवश्यकता, तृष्णा, राग वा मोहको पछिपछि लाग्ने हुन्छ । रिस, राग, द्वेष, इर्ष्याको भुमरीमा रुमल्लिनपुग्छ । हर बखत, हर नजर र हर पाइलामा मनलाई आकर्षण गर्ने र भ्रममा पार्ने कुराहरू आइरहन्छन्, स्वच्छन्द र बेलगाम बनेर पछि लाग्दा मानिस अशान्त र दु:खी भइरहन्छ । अनियन्त्रित यस्तो जीविका, बोली, चालचलन र ब्यवहारले जीवन, जगत्, समाज अधोगतिगामी बनिरहेको हुन्छ । अति कडा आदर्श लाद्ने अंश (super ego) को नियमबारे ज्यादा सचेत हुँदा पनि मानिस बेचैन बन्न पुग्छन् । काम राम्रो नहोला, तयारी पुगेन, अरुलाई नराम्रो हुन्छ कि, आलोचना हुन्छ कि, परम्परा र नियमले दिंदैन कि भन्ने अतिवादी र कडा सोंचका कारण कतिपय काम, प्रोजेक्ट वा प्रक्रिया शुरु नै हुँदैन । अरु मानिस र दुनियाँ सुधार्नेतिर लाग्दालाग्दै जीवनको आनन्द नै गुम्ने, कतिपय घरपरिवार बिखण्डित हुने र

अनावश्यक झमेला वा दुःख खेप्नुपर्ने अवस्था पनि आइपर्नसक्छ । स्वस्थ मनको वर्तमान (ego) कडा आदर्श लाइने अंश (super ego) लाई ध्यानमा राखेर जीवनका आवश्यकता र चाहना पूरा गर्ने कोसिस गर्छ । वास्तवमा यी तीनको संघर्ष र सन्तुलनमा मानव जीवनको यात्रा अघि बढ्ने गर्दछ । नियमको नाममा अति गर्न र अरुलाई दुःख दिनबाट भने बच्नुपर्ने हुन्छ । सुखशान्ति र चैन बिथोल्ने नियमबारे ठण्डा दिमागले समीक्षा गर्नुपर्ने हुन्छ । नियम-कानुनका रखवाला पदधारी पदाधिकारी, सन्तानका अभिभावक तथा विद्यार्थीका शिक्षकले भने संयमित भएर कडाइका साथ नियम र अनुशासनको पालनामा जोड दिनुपर्ने हुन्छ ।

नियम, शिल र सदाचारको पालना नगर्दा मानिस खराब, दुःखी, बेचैन, रोगी र अधोगतिगामी बनिरहेको हुन्छ । एकदिन अघि एकदिन पछि आफ्नो कर्मको फल भोग्नुपर्ने हुन्छ । क्षणिक आनन्द भएपनि, भौतिक सुखसुविधाले सम्पन्नै भएपनि आफ्नो कुकर्मले सधैं पछ्याइरहन्छ, अन्तरआत्मा अशान्त र दुषित बनाइरहन्छ । कर्मको फल नभोगि धर पाइँदैन । अतः मंगल धर्मको नियम र शिलपालना गर्नु आत्मोन्नति गर्नु हो । अन्तरमनले बुझेर नियम पालना गर्दा, स्वधर्मले नियन्त्रित रहँदा बन्धन लाग्दैनह नबुझ्दा नियम बोझ बन्नपुग्छ भन्ने पनि ख्याल राख्न आवश्यक छ ।

सधैंजसो हुने वा चल्ने कुरामा कुनै परिस्थिति वा तत्वका कारण बदलाव वा परिवर्तन आउने गर्छ । घाममा गर्मी भएर शरीरको तापक्रम बढ्छ । कुकुरले लखेत्दा डर हुन्छ, मुटुको चाल, रक्तचाप सहित् सास पनि बढ्छ । तनावको बेला मन बेचैन, निद हराम वा भोक बिलिन होला । कारक तत्व, परिस्थिति हटेपछि फेरि पहिलेकै सामान्य अवस्थामा फर्किन्छ । घामबाट छायाँमा आई पानी पिएपछि तापक्रम सामान्य बन्छ । कुकुरदेखि टाढा सुरक्षित ठाउँमा पुगेपछि डर हट्छ । तनाव हराएपछि मन, निद्रा र भोक पनि सामान्य हुँदै जान्छन् । यस्तो प्रतिकुल र परिवर्तित अवस्थामा कारकतत्व, समस्या वा परिस्थितिको पहिचान गरी यथासम्भव समस्या समाधानको उपाय अपनाउनुपर्छ । यसका लागि समस्याको सटिक निदान, समाधानका सम्भावित तरीकाहरू, हरेक विधिहरूका सबल र दुर्बल पक्षको विश्लेशन, उपयुक्त विकल्पको चयन, त्यसको प्रयोग, परिणामको लेखाजोखा र तदनुरुप भावी योजनाको निक्यौंल गर्नसकिन्छ । यदि समस्या वा कारकतत्व समाधान हुन नसक्ने प्रकृतिको भएमा तनाव बहनका तरीकाहरू अपनाउनु तथा सक्षम, शुभेच्छुक र सहयोगी व्यक्तिको सरसल्लाह र सहयोग माग्नु पनि उपयोगी हुन्छ ।

जब कारकतत्व वा परिस्थिति हटेपछि पनि यस्ता बदलाव, परिवर्तन वा लक्षण सधैंजसो सबैजसो माहोलमा रहिरहन्छह त्यसले शरीर, दैनिकी र अरुसँगको सम्बन्धमा समस्या पैदा भई बेचैनी हुन्छ र अरु पनि लक्षणहरू देखा पर्छन्, तब मानव शरीर र स्वास्थ्यमा व्यक्तिको नियन्त्रण हराएको अवस्था भनेर बुझ्न जरुरी हुन्छ । घामबाट छायाँमा आई आराम गर्दा पनि तापक्रम घटेनह रोगजन्य ज्वरो हुनसक्छ । सुरक्षित स्थानमा पनि कुकुर वा कुनै कुराको अनावश्यक र अति डर भई समस्या र बेचैनी भएको अवस्था परिस्थितिजन्य

रहन्न, व्यक्तिको नियन्त्रणभन्दा परको रोगजन्य अवस्था एन्जाइटी भनेर जान्न आवश्यक हुन्छ । तनाव होस् वा नहोस् मानसिक लक्षणहरू लामो समय, जतासुकै समस्या र बेचैनी हुने हिसावले अरु पनि लक्षणका **साथ** देखा परेको **अवस्था** व्यक्तिको नियन्त्रणभन्दा पर हुन्छ । **यस्तो अवस्थामा** शरीर वा मस्तिस्कमा स्नायूरसायन र **विविध** भागहरूमा नै गड्बडी पैदा भएको हुन्छ र उपचारको आवश्यकता पर्छ ।

मनको प्रकृति र स्वभाव ध्यानमा **राखेर** भगवान बुद्धले औंल्याउनु भएको छ कि: **सदाचारी** मानिसले **चारवटा** चेष्टाहरू हरबखत गरिरहनुपर्छ । ती हुन्-

१. मनमा आउने खराब बिचार र बिकार समयमै चिनेर हटाउनु,
२. मनमा खराब बिचार र बिकार आउन नदिनु,
३. मनमा असल बिचार आउन दिनु र असल बन्नु,
४. मनमा असल बिचार सधैंसधैं ल्याइरहनु र अविच्छिन्न असल बनिरहनु । अर्थात्, मानिसले आफूलाई सम्हालेर निरन्तर अनुशासित, संयमित र शिलको अनुयायी भैरहनुपर्छ । भगवान बुद्धको शिक्षामा अद्योपान्त शिल, समाधि, प्रज्ञाको माध्यमबाट अल्छि नगरी अप्रमादी भई धार्मिक जीवन जिउनुपर्ने कुरामा जोड दिइएकोछ । सारमा भन्नु पर्दाह अरुलाई हानी, **नोक्सानी,** चोट नपुऱ्याई वा बेचैन, बिचलित, दुःखी नबनाई जीवन लक्षमा निर्भिक, शिल, सदाचार पालना गर्ने व्यक्ति बास्तवमा असल हो । यस्तो मानवधर्म र नियमको अवलम्बन गर्दा सबैको मंगल हुन्छ ।

◆


**हार्दिक मङ्गलमय शुभकामना**

विश्व शान्तिका महानायक गौतम बुद्धको २५६७ औं जन्म जयन्ती सम्बोधिलाभ तथा महापरिनिर्वाण बुद्ध पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा देश विदेशमा बस्नुहुने ग्राहकवर्ग तथा सम्पूर्ण महानुभावहरूमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

**रामगोपाल रंजितकार लक्ष्मी रंजितकार**
पाण्डुबजार, सूर्यबिनायक, भक्तपुर
मो नं. ९८४१७२३६७६

*गोयका, ईहि पतासी, खाडा (गलवन्दि) को अर्डर लिइन्छ ।*

**हार्दिक शुभकामना**

विश्व शान्तिका महानायक गौतम बुद्धको २५६७ औं जन्म जयन्ती सम्बोधिलाभ तथा महापरिनिर्वाण बुद्ध पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा देश विदेशमा बस्नुहुने ग्राहकवर्ग तथा सम्पूर्ण महानुभावहरूमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

**प्रो. कृष्णभक्त लवजु**
**कमलविनायक फास्ट फूड**

**हार्दिक मङ्गलमय शुभकामना**

विश्व शान्तिका महानायक गौतम बुद्धको २५६७ औं जन्म जयन्ती सम्बोधिलाभ तथा महापरिनिर्वाण बुद्ध पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा देश विदेशमा बस्नुहुने ग्राहकवर्ग तथा सम्पूर्ण महानुभावहरूमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

प्रो. भुवन **गोसाई**
मो नं. ९८४१५४३३३१

**युथ सेलेक्सन**
पाण्डुबजार, सूर्यविनायक, भक्तपुर

# बुद्ध दर्शनका दुईतीन कुरा

✍ राकस्था

**आलोचनात्मक दृष्टिकोण**

"शास्त्रमा लेखिएकाले वा कुनै ऋषिमुनिले भनेकाले वा गुरुले भनेकाले सत्य हो भन्ने ठान्नु अन्धविश्वास हो, यस्तो सोच्नु मूर्खता हो । आफैले सोचेर विचार गरेर हेर्ने स्वतन्त्र चिन्तनको बानी बसाल ! मैले भनेका कुरामा पनि आफैले हो-होइन नसोची खुरुक्क विश्वास नगर !"

प्रस्तुत विचार गौतम बुद्धको हो । गौतम बुद्धलाई एसियाको तारा, शान्तिका अग्रदूत, विश्व शान्तिका प्रतीक आदि विशेषणबाट सम्बोधन पनि गरिन्छ । यो आलेख तयार पारिएको दिन सोमबार २०७९ जेठ २, वैशाख शुक्ल पूर्णिमामा बुद्धजयन्ती परेको छ ।

बुद्धको जन्म, ज्ञानप्राप्ति, महापरिनिर्वाण (मृत्यु) वैशाख शुक्ल पूर्णिमाकै तिथिमा पर्दछ, त्यसैले यो तिथि अत्यन्तै महत्त्वपूर्ण मानिन्छ । यो वर्ष गौतम बुद्धको २५६६ औं जयन्ती पर्दछ । आजभन्दा २५६६ वर्षअघि नेपालको लुम्बिनी उद्यानमा जन्मिएका, २९ वर्षको उमेरमा दरबार छोडी तपस्याका लागि दरबारबाट निस्किएका सिद्धार्थ गौतम । उनले बोधगयास्थित पीपलको रुख (बोधिवृक्ष) मुनि बुद्धत्व प्राप्त गरे । गौतम बुद्धले दु:खलाई नाश गर्ने आठ मार्ग पत्ता लगाए - सम्यक् सङ्कल्प, सम्यक् दृष्टि, सम्यक् वचन, सम्यक् कर्म, सम्यक् आजीविका, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि । ४५ वर्षसम्म यस्तो ज्ञान प्रचार गरेपछि ८० वर्षको उमेरमा इसा पूर्व ४८३ मा उनले महापरिनिर्वाण (मोक्ष) प्राप्त गरे ।

शान्ति, अहिंसा, मैत्री र करुणाको शिक्षा बुद्धले दिए । बुद्धले आफ्नो जीवनकालमा ८४ हजार पटक प्रवचन दिए । सम्राट अशोकले इपू २४९ मा अशोक स्तम्भ खडा गरेर बुद्धको जन्मस्थलको इतिहास स्थापित गरे । यो पङ्क्तिकारले बाल्यकालमा पढेको बुद्धको जीवनीको सार यति हो । तर, बुद्धको ज्ञान बुझ्न त्यति सजिलो अनुभव थिएन ।

गौतम बुद्धले मानिसमा आलोचनात्मक दृष्टिकोण विकास गर्न उत्प्रेरित गरेको कुरा आलेखको सुरुआतमा उल्लिखित बुद्धको वचनले बताउँछ । कार्ल मार्क्सले पनि हरेक कुरामा शङ्का गर्न भने । पुरानो विचार/धर्म/संस्कार र संस्कृतिमाथि प्रश्न नै नगर्ने र त्यसलाई जस्ताको तस्तै लागु गर्न खोज्ने प्रवृत्तिलाई आजभन्दा २५ सय वर्षअगाडि नै बुद्धले चिरेर फाल्ने प्रयास गरेका थिए । 'बिरालो बाँधेर श्राद्ध गर्ने' संस्कार र संस्कृति हाम्रो समाजमा अद्यापि छ । किन कुनै घटनापरिघटना हुन्छ वा किन केही काम गर्ने या नगर्ने भन्नेबारे सोच-विचार नगरी वा कान नै नछामी कागको पछाडि दगुर्ने प्रवृत्तिले समाजलाई अग्रगतितिर डोऱ्याउँदैन ? कसैको भनाइमात्र सुन्ने तर तिनको गराइ नहेरी

निर्णय गर्नु कहिल्यै उचित हुँदैन । आँखा चिम्लेरै समर्थन गर्ने र आँखा चिम्लेर विरोध गर्ने प्रवृत्तिको खण्डन बुद्धले उसैबेला गर्न सिकाएका थिए ।

**दु:खको कारणबारे बुद्ध र मार्क्स**

बुद्धले हरेक घटना वा प्रक्रियाको पछाडि कारण हुन्छ भनेका छन् । यसलाई अङ्ग्रेजीमा 'थेअरी अफ कज एन्ड इफेक्ट' भन्नसक्छौं । बुद्धले संसारमा दु:ख छ भने । उनले मानिसको जन्म, बुढ्यौली, रोग नै दु:ख हो भने । लोभ, काम, वासना, तृष्णा दु:खको कारण हो भन्ने बुद्धको भनाइ हो । उनले दु:खलाई मानव जीवनको अभिन्न अङ्गको रूपमा लिएका छन् ।

तर, मानिसको बुढ्यौली र रोगको कारण हुने दु:खभन्दा समाजको वर्गीय शोषणको कारण हुने दु:ख बढी भयङ्कर छ भन्ने कुरा बुद्धभन्दा २३६३ वर्षपछि जन्मिएका कार्ल मार्क्सले पत्ता लगाए । बुद्धको समयमा पुँजीवादी शोषणको जगजगी थिएन, नत्र बुद्धले पनि भन्थे होलान् सामन्त र पुँजीपति वर्गको शोषणको कारण अत्यन्त बहुमत कामदार जनताले भोक, प्यास, पीडा भोग्नुपरेको छ । त्यसैले वर्गीय शोषणको अन्त्यको निम्ति त कामदार वर्गले सशस्त्र सङ्घर्ष नै गर्नुपर्छ ।

कार्ल मार्क्सले जसरी स्वाभाविक बच्चा जन्मिने स्थितिमा कुनै पनि चिकित्सकले चिरफारको विधि अपनाउँदैन, त्यसरी नै समाजमा स्वाभाविकरूपमा परिवर्तन हुने अवस्थामा हतियारको प्रयोग नहुने बताएका छन् । तर, पुँजीपति वर्गले सजिलैसित सत्ता हस्तान्तरण गर्दैन, राज्यसत्ता किस्तीमा राखेर दिइने उपहार पनि होइन । सशस्त्र सङ्घर्ष गरेर राज्यसत्ता कब्जा गरेर सदाको निम्ति शान्तिको वातावरण बनाउन सकिने कार्ल मार्क्सको सिद्धान्त हो । समाजमा वर्ग रहेसम्म सङ्घर्ष कायम रहन्छ । त्यसैले कामदार वर्गलाई शासनसत्तामा पुऱ्याएर वर्गविहीन समाज स्थापना गर्नुपर्छ भन्ने मार्क्सको सिद्धान्त हो ।

**भौतिकवादी दर्शन**

ईश्वरवादीहरू सम्पूर्ण विश्व ब्रह्माण्ड तथा जीवको सृष्टिको कारक ईश्वरलाई मान्छन् । जसरी भाँडो बनाउन कुमाले चाहिन्छ, आमाबुबाको प्रजनन क्रियाबाट सन्तान जन्मिने भएपनि त्यो क्रियालाई सबल गराउनको लागि ईश्वर चाहिने उनीहरूको तर्क छ । उनीहरू शरीर नष्ट भएपनि आत्माले चोला बदलिरहन्छ भन्दछन् । उनीहरू 'आत्मा' ले यस जुनीमा गरेको कर्मको फल अर्को जुनीमा उपभोग गर्दछ भन्ने दुष्प्रचार पनि गर्छन् । राम्रो काम गरे परलोकमा सुख पाइन्छ र नराम्रो काम गरे दण्ड भोग्नु पर्दछ भन्छन् । आजको शासित वर्गको दु:खको मूल कारण पूर्वजन्मको फल भनिदिएपछि शासन गर्न सजिलो हुने भयो । यसरी तल्लो वर्गमाथिको विभेद र अत्याचारलाई वैधता दिने काम धर्मले गऱ्यो । देखिएको, भोगिएको कुरा यही हो ।

पूर्वीय भौतिकवादी चार्वाक दर्शन आएको कम्तीमा दुई हजार वर्ष भयो । तर, नेपाली समाज आज पनि ईश्वरवादीहरूको भुलभुलैयामै रुमल्लिरहेको छ । चार्वाक दर्शनअनुसार जुन कुरा आँखा, कान, नाक, छाला र जिब्रोजस्ता ज्ञानेन्द्रीयद्वारा अनुभव गरिन्छ, त्यही सत्य हुन्छ । जहाँ धुवाँ हुन्छ, त्यहाँ आगो हुन्छ । त्यसैले धुवाँ देखेपछि आगोबारे अनुमान गर्न सकिन्छ । ईश्वरलाई कसैले देखेको (प्रमाण देखाउन सकेको) पनि छैन । यसरी ईश्वरको अस्तित्वलाई यस दर्शनले अस्वीकार गरेको

छ । यस दर्शनले आत्मा भन्ने अलग्ग केही हुँदो हो त शरीर अवसान भएपछि आत्मा किन बाहिर प्रकट हुँदैन भन्ने प्रश्न गर्छ । चार्वाक दर्शनले आत्माको शरीरभन्दा छुट्टै अस्तित्व नहुने भएकोले पुनर्जन्म र पूर्वजन्म हुँदैन भन्दछ ।

बुद्ध दर्शनले पनि सृष्टि परमात्माबाट भएको हो भन्ने कुराको खण्डन गर्दछ । ऋषिहरूले एउटै 'आत्मा' बाट अनेकौं प्राणी र वस्तुको उद्‌भव भएको हो भने तर यस कुरालाई बुद्धले अस्वीकार गरे । कुनै एउटा वस्तु कुनै अर्को वस्तुबाट मात्र जन्मिँदैन बरु सामूहिक कारणबाट जन्मिन्छ भन्ने बुद्धको विचार थियो । यो विचारले सृष्टिकर्ताको रूपमा लिइएको ईश्वरवादको खण्डन गर्दछ ।

बुद्धले संसारमा दुःख छ, दुःखको कारण छ र दुःखबाट मुक्ति पनि पाउन सकिन्छ भन्ने सत्यको उजागर गरे । बुद्धले दुःखबाट छुट्कारा दिलाउने बहानामा ब्राह्मण पुरोहितहरूले धर्मकर्म गर्न लगाउने कामको खण्डन गरेका छन् । उनले दुःख कसैको पुर्पुरोमा लेखिएर आउने कुरा होइन, त्यो कुनै पूर्वजुनीको फल पनि होइन भन्ने कुरा स्थापित गरे । उनले 'आत्मा' को अस्तित्वलाई ठाडै अस्वीकार गरेका छन् । बुद्धले मानिसले आफ्नो कर्मको फल यही जुनीमा नै भोग्दछ, अर्को जुनी कुर्नु पर्दैनसम्म भनेका छन् । उनले अहिले मानिसले जे बोल्छ, जे विचार गर्छ, जस्तो काम गर्छ त्यसमा नै मानिसको भविष्य निर्भर रहन्छ भनेका छन् । बुद्धले आफ्नो भाग्यको निर्माण मानिस आफैले गर्छ भन्ने बताए । 'भाग्यवाद' मा अल्मलिएको नेपाली समाजले बौद्ध दर्शनलाई अझै बुझ्न सकेको देखिन्न । यही हो विडम्बना !

◆

विश्व शान्तिका महानायक गौतम बुद्धको २५६७ औं जन्म जयन्ती सम्बोधिलाभ तथा महापरिनिर्वाण बुद्ध पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा देश विदेशमा बस्नुहुने ग्राहकवर्ग तथा सम्पूर्ण महानुभावहरूमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको **हार्दिक मङ्गलमय शुभकामना** व्यक्त गर्दछ ।




**सुगतराज शाक्य एण्ड सन्स**

इनाचो टोल, भक्तपुर-७

*सुनचाँदीका नयाँ आकर्षक डिजाइनका गहनाहरू बनाउनु परेमा साथै सबै प्रकारका राशी रत्न तथा पत्थरहरू चाहिएमा सम्पर्क राख्नुहोला ।*

विश्व शान्तिका महानायक गौतम बुद्धको २५६७ औं जन्म जयन्ती सम्बोधिलाभ तथा महापरिनिर्वाण बुद्ध पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा देश विदेशमा बस्नुहुने ग्राहकवर्ग तथा सम्पूर्ण महानुभावहरूमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।



*फोन नं. ६६१७००३*

**श्री जय हनुमान हार्डवेयर सेन्टर**

जगाती, भक्तपुर, मो नं. ९८५१००२१४६

डण्डी, सिमेन्ट, पाइप चाहिएमा हामीलाई सम्झनुहोस् ।

**हार्दिक शुभकामना**

विश्व शान्तिका महानायक गौतम बुद्धको २५६७ औं जन्म जयन्ती सम्बोधिलाभ तथा महापरिनिर्वाण बुद्ध पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा देश विदेशमा बस्नुहुने ग्राहकवर्ग तथा सम्पूर्ण महानुभावहरूमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

**मित्र निर्माण सप्लायर्स**

जगाती, भक्तपुर

बाखँ

# विज्ञापन

✍ चन्द्रबहादुर उलक

चिकुलाया न्हि । चिकुयो नुग:चु थुरु थुरु खा । भ्वाथ:गु स्वीतर जुसां लुमुकेया निंति मानकाजी दाइनं कमिजया दुने स्वीटर फित । म्हिग तिनि न्याङ.हगु गलवन्दी ककुतय् हितुमतु हिन । चिचाचा ग्व:गु मोबाइलचा म्हिचाय स्वथान । थौं अर्हत त्रैमासिकया निंतिं साहु-महाजन पिंकय् विज्ञापन फ्वँ वानेगु हँ ।

-आय् ज्ञानीचा ! आमु फुंगातले तयो तयागु खामचा फुक्कं हजिसा ! मानकाजीं थ: नकिंम्हा सिता ज्या ब्वल ।

-छाय् गना भ्रायगु ? थज्यगु चिकुबले ।

-विज्ञापनया निंतिं बजार छत्थु चाहिले ताँङागुक काप लकां न्हयान्हयां वं लिस: बिल ।

-थ:ता छुं दैगु मखु । न्हयाबलें लीमला । नां ज प्वा मजम्हा मनु । चिठ्ठी खाम ब्यु ब्यूं ज्ञानी त:जुं असंतोष व्यक्त यात ।

-ज्या धायगु छु, फाइदा जुइगु जक जुइला ? फाइदा जक स्व: जुसा देश गति लाइला ? सेवाया भावना नं नुग:लय् दयके म नि । मान काजीं सम्भ्रेयात

-यात सेवा ! यात धर्म ! धर्म यो जुगुलियां थ:गु ध्व गति जूगु । ज्ञानी तजु तं पिब्वल ।

धर्म धायगु न्व मबाइम्हा द्य: पुजा यायेगु मखु । धर्म धायगु सुयातां नुगले स्याइगु ज्या मयायेगु । थके दुने च्वंगु लोभ, तृष्णा व मभिंगु विचार त्वतेगु हे धर्म ख: । छं गय् मसिया ?

-सय्, सय् ! आमु माक तपुलि छक नं हजि ! भ्रन्नै तपुलि पुये लुमानिगु क: स्वहनं कोहँ वां वां मानकाजी अह्रेयात

-अहोऽऽ गुलिजक लिमलागु हरे.....। ज्ञानी तजुं भ्रसुक तल ।

मानकाजी मुसु मुसु न्हयुन्हयूं बजारया छगू पसलय् दुहं वाङ नमस्कार यात ।

-नमस्कार साहुजी । आराम हे मखुला ?

-नमस्कार मानकाजी दाई ! थौयां आपुल्कं जिगु पसलय् दुस्वाय् दिल नि । छुं सेवा याये मगु द:ला थे ?

-मेगु तुं छुं मखु साहुजी । भ्रीगु बौद्ध साहित्य अर्हत पत्रिकाया निंतिं विज्ञापन छगू बियो दिइला धक दु:ख ब्यूवयागु कऽऽ । मानकाजी तीजक थ:गु अनुरोध पिब्वल

-बौद्ध धर्म, बौद्ध साहित्य धायगु शाक्य-बज्राचार्य पिनिगु मखुला ? थुकिया निंतियां गुर्जु पिसं जक ग्वहालि याये मगु क । हिन्दु धर्मया पिन्ता थुकिया छु मतलब ? भ्रासँयो गुर्जु पिन्थाय् ! छकलं साहुजीं असमर्थता व्यक्त यात । मानकाजी भ्रसंक वान । अयसां वं नाइसे च्वंक थ:गु विच: प्वंकल ।

-बुद्ध धायम्हा गुर्जु पिनिम्हा जक मखु । वसपोल सकल मानव जाति पिनिम्हा ख: । वसपोलं छगू जाति व देयया निंतिं जक सेवा यागु मखु ।

विश्वया जनताया निर्तिं थ:गु स्वार्थ त्याग याङ बिज्यागु ख: । छु धात्थे खुँ ज्या यायेमते । हिंसा यायेमते । फय् खाँ ल्हायेमते । मिस्तेता स्यंकय् मते । अय्ला थौँ त्वनेमते । धायगु बुद्धया उपदेश गुर्जु पिन्ता जक ख:ला ? मखुनिSS साहुजी । ध्व भीगु निर्तिं ख: । थौ बुद्धया उपदेश शासक वर्ग पिसं मकगुलिं भीगु देय् स्येन । देयसय् भ्रष्टाचार, पापाचार व अनैतिकता अनेक थरिया मभिंगु बिचा:लं देय् लुंकुबित मखुला ? मानकाजीया धापू साहुजीया नुगलय् बाय् च्वन ।

-धात्थे ख: मानकाजी दाई । यदि बुद्धंथें भीम्हा शासकवर्ग त्यागया भावना दयेकगु जुसा थौ भीगु देय् मस्यनिगु ज्वी । जि याक: काय् रामचाया नुग:लय् बुद्धया बचन द:गु जुसा थौ जि काय् अय्ला गुलु मजुइगु ज्वी । छिं जिगु नुग:या मिखा चायेक बिल । बुद्ध सकसियाम्हा ख: अर्हतया निर्तिं जिं ग्वहालि यायेगु जुल । सुभाय्

◆


## हार्दिक मङ्गलमय शुभकामना

विश्व शान्तिका महानायक गौतम बुद्धको २५६७ औं जन्म जयन्ती सम्बोधिलाभ तथा महापरिनिर्वाण बुद्ध पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा देश विदेशमा बस्नुहुने ग्राहकवर्ग तथा सम्पूर्ण महानुभावहरूमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

## प्रजापति मोटर पार्टस

जगाती, भक्तपुर

फोन नं. ६६१४३०२ (पसल), ६६१६१५६, विष्णुप्रसाद प्रजापति ९८४१२७१६७५, विष्णुप्रसाद प्रजापति ९८४१९१६४००

ट्रक, बस, मिनिट्रक निसान (NISSAN), EICHER आदिनको स्तरीय सामानहरूको साथै Castrol, Control MAK मोबिलहरुको लागि सम्झनुहोस् ।



## हार्दिक मङ्गलमय शुभकामना



विश्व शान्तिका महानायक गौतम बुद्धको २५६७ औं जन्म जयन्ती सम्बोधिलाभ तथा महापरिनिर्वाण बुद्ध पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा देश विदेशमा बस्नुहुने ग्राहकवर्ग तथा सम्पूर्ण महानुभावहरूमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

प्रो. मदन मधिकर्मी

मो. नं. ९८५१०६५२४५

## न्यू दत्तात्रय लाईट हाउस एण्ड सप्लायर्स

देकोचा, भक्तपुर

## हार्दिक शुभकामना

विश्व शान्तिका महानायक गौतम बुद्धको २५६७ औं जन्म जयन्ती सम्बोधिलाभ तथा महापरिनिर्वाण बुद्ध पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा देश विदेशमा बस्नुहुने विद्यार्थी, अभिभावक तथा शुभचिन्तक सम्पूर्ण महानुभावहरूमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

**गणेश माध्यमिक विद्यालय**

भार्वाचो, भक्तपुर, फोन नं. ६६१५९१२

## हार्दिक मङ्गलमय शुभकामना


विश्व शान्तिका महानायक गौतम बुद्धको २५६७ औं जन्म जयन्ती सम्बोधिलाभ तथा महापरिनिर्वाण बुद्ध पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा देश विदेशमा बस्नुहुने ग्राहकवर्ग तथा सम्पूर्ण महानुभावहरूमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

प्रो. राजकुमार ब्रनमाला

फोन नं. ६६१०२१३ ९८४१२९९९२२

**नवदुर्गा भाँडा पसल**

जगाती, भक्तपुर



## हार्दिक मङ्गलमय शुभकामना

विश्व शान्तिका महानायक गौतम बुद्धको २५६७ औं जन्म जयन्ती सम्बोधिलाभ तथा महापरिनिर्वाण बुद्ध पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा देश विदेशमा बस्नुहुने ग्राहकवर्ग तथा सम्पूर्ण महानुभावहरूमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

राजाराम प्रजापति

मो नं. ९८४१२७१६६८

**सिद्धि गणेश इलेक्ट्रिकल्स ट्रेडर्स**

च्याम्हासिंह, भक्तपुर

दिपानन्द बज्राचार्य
प्रोप्राईटर

**D.N. Tailors**


ईताछें, गिनिबस पार्क-१, भक्तपुर
फोन नं.: ६६१३१६५ (पसल),
६६११८२२ (घर), मोबाईल: ९८५१० ९७९३५




मौसम अनुसारको नयाँ आकर्षक डिजाईनका उच्च स्तारिय सर्टिङ्ग सुटिङ्ग टेलरिङ्गको साथै सम्पूर्ण स्कूल तथा कलेजका ड्रेस कपडाहरु तथा तयारी शुटहरु उपलब्ध छ ।

**Shirting Suting & Tailoring Centre**

## हार्दिक मङ्गलमय शुभकामना



विश्व शान्तिका महानायक गौतम बुद्धको २५६७ औं जन्म जयन्ती सम्बोधिलाभ तथा महापरिनिर्वाण बुद्ध पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा देश विदेशमा बस्नुहुने शेयर सदस्य तथा सम्पूर्ण महानुभावहरूमा सु-स्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

### थालाछेँ बचत तथा ऋण सहकारी संस्था लि.

थालाछेँ, भक्तपुर-१०, फोन नं. ०१-६६१६५८०



विश्व शान्तिका महानायक गौतम बुद्धको २५६७ औं जन्म जयन्ती सम्बोधिलाभ तथा महापरिनिर्वाण बुद्ध पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा देश विदेशमा बस्नुहुने ग्राहकवर्ग तथा सम्पूर्ण महानुभावहरूमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।



### श्री गणेश ज्यासः पसः

फोन नं. ६६१०६०१ (बालाखु) ६६११६४४ (साकोथा), ६६१५८२८ (सुकुलढोका) भक्तपुर

सुनचाँदीका नयाँ आकर्षक डिजाइनका गहनाहरू बनाउनु परेमा साथै सबै प्रकारका राशी रत्न तथा पत्थरहरू चाहिएमा सम्पर्क राख्नुहोला ।

## हार्दिक मङ्गलमय शुभकामना

विश्व शान्तिका महानायक गौतम बुद्धको २५६७ औं जन्म जयन्ती सम्बोधिलाभ तथा महापरिनिर्वाण बुद्ध पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा देश विदेशमा बस्नुहुने ग्राहकवर्ग तथा सम्पूर्ण महानुभावहरूमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।



गणेशराम रंजितकार

### मुस्कान मेडिकल हल

सूर्यविनायक चोक, भक्तपुर, मो नं. ९८५११५३९९९

# हार्दिक अनुरोध


बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित बौद्ध साहित्यिक पत्रिका 'अर्हत्' त्रैमासिक वार्षिक ग्राहक भई सहयोग गरिदिनुहुन पाठकहरूमा हार्दिक अनुरोध गर्दछ ।

साथै निरन्तर प्रकाशनको लागि लेख-रचना तथा व्यवसायिक विज्ञापन दिई सहयोग गर्नुहुन हार्दिक अनुरोध गर्दछ ।

## बौद्ध दर्शन अध्ययन समाज

**भक्तपुर**

*Email: arhattraimasik@gmail.com*



हार्दिक मङ्गलमय शुभकामना
विश्व शान्तिका महानायक गौतम बुद्धको २५६७ औं जन्म जयन्ती सम्बोधिलाभ तथा महापरिनिर्वाण बुद्ध पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा देश विदेशमा बस्नुहुने ग्राहकवर्ग तथा सम्पूर्ण महानुभावहरूमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।
शिवम्
युनाइटेड
Panchakanya
अर्घाखाँची सिमेन्ट
भक्तपुर हार्डवेयर सेन्टर
सुर्यविनायक, भक्तपुर, फोन नं. ०१-६६१६३४२
भक्तपुर हार्डवेयर प्रा. लि.
कमलविनायक, भक्तपुर
फोन नं. ०१-६६१०३४२
भक्तपुर हार्डवेयर एण्ड सेनेटरी
सुर्यविनायक, भक्तपुर
फोन नं. ०१-६६१६२०५
गुणस्तरीय निर्माण सामग्रीको लागि


ADMISSION OPEN !
Grade PG to Grade VII
Limited seats available.
BAL VIKASH
ENGLISH SECONDARY SCHOOL
Libali, Bhaktapur, Phone No: 01-5122089, 01-5122223
Email: bvess1988@gmail.com

# भर्ना खुल्यो !



अङ्ग्रेजी माध्यमिकबाट पढाइहुने ।

## प्ले ग्रुप देखि कक्षा ९ सम्म

## नयाँ भर्ना खुल्यो !







# बासु माध्यमिक विद्यालय

कालिघाट, ब्यासी-२, भक्तपुर

Ph : 01-6615257, 01-6619014, 01-6620300

Email: basuhschool@gmail.com Website: https://www.basu.edu.np